विधेयक संख्याः

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७८

संघीय संसद सचिवालय

सिंहदरवार, काठमाडौं

उद्देश्य र कारण

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही महसुल, कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित केही नेपाल कानूनलाई संशोधन गर्न आवश्यक भएको र अध्यादेश जारी हुँदाका बखत सङ्घीय संसदको अधिवेशन नभएकोले "नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश, २०७८" जारी भएको हो।

उक्त अध्यादेश नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) बमोजिम सङ्घीय संसदमा पेश भई स्वीकृत भइसकेकोले सो अध्यादेशलाई प्रतिस्थापन गर्न तर्जुमा गरिएको यो "नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक" प्रस्तुत गरेको छु।

प्रस्तुत विधेयकमा राजस्व, कर, शुल्क र दस्तुरको निर्धारण, त्यस्तो राजस्व, कर, शुल्क र दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पूरै छुट दिने व्यवस्थाको साथै भन्सार महसुल, भन्सार सेवा दस्तुर, कृषि सुधार शुल्क, स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर, चलचित्र विकास शुल्क, प्रदूषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसञ्चार सेवा दस्तुर, क्यासिनो रोयल्टी, वन पैदावार शुल्क लगायतका कर, शुल्क, दस्तुर सम्बन्धी व्यवस्था निर्धारण गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८, भन्सार ऐन, २०६४ तथा प्रचलित अन्य ऐनमा समय अनुकूल संशोधन प्रस्ताव समेत गरिएको छ।

द्रष्टव्यः यो अर्थ सम्बन्धी विधेयक हो।

(जनार्दन शर्मा)
अर्थ मन्त्री

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **भन्सार महसुलः** (१) पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असुल गरिनेछ।

(२) निकासी हुने मालवस्तुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुल गरिनेछ।

३. **भन्सार सेवा दस्तुरः** निकासी वा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी बापत एक सय रुपैयाँ र पैठारी बापत पाँच सय रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुल गरिनेछ।

तर निकासी महसुल लाग्ने मालवस्तु, कूटनीतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तु तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तु, हवाईमार्गबाट यात्रुले आफूसँगै लैजाने मालवस्तु र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुमा भन्सार सेवा दस्तुर लाग्ने छैन।

४. **कृषि सुधार शुल्कः** अनुसूची-१ को दफा १६ मा उल्लेख भएका मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा सोही दफामा उल्लिखित दरले कृषि सुधार शुल्क लगाइने र असुल गरिनेछ।

तर त्यस्ता मालवस्तुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन।

५. **अन्तःशुल्कः** नेपालभित्रको कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल गरिनेछ।

६. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल गरिनेछ।

७. **स्वास्थ्य जोखिम करः** (१) विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिँडीमा प्रति खिल्ली तीस पैसा, चुरोट र सिगारमा प्रति खिल्ली साठी पैसा र तयारी खाने सुर्ती, खैनी, गुट्खा, पान मसलामा प्रति किलोग्राम साठी रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर पैठारीका बखत भन्सार बिन्दुमा र स्वदेशी उत्पादनका हकमा प्रतिष्ठानबाट निष्कासनका बखत असुल गरिनेछ।

(३) स्वास्थ्य जोखिम करको नियमन र प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

८. **शिक्षा सेवा शुल्कः** (१) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा दुई प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र कुनै बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्ककको रकम दाखिल नगरेमा वार्षिक

पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत फिर्ता दिइनेछ।

(५) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

९. **पूर्वाधार विकास कर**ः नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

१०. **सडक निर्माण दस्तुर**ः (१) नेपालभित्र पैठारी वा उत्पादन हुने सवारी साधनमा अनुसूची-३ बमोजिम सडक निर्माण दस्तुर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर यो ऐन प्रारम्भ भएपछि पैठारी हुने सवारी साधनमा भन्सार बिन्दुमा भन्सार कार्यालयले र यो ऐन प्रारम्भ हुनुभन्दा पहिले पैठारी भई दर्ता हुन बाँकी रहेका तथा स्वदेशमा उत्पादन भई उपभोगमा आउने सवारी साधनको हकमा त्यस्ता सवारी साधन दर्ता गर्ने कार्यालयले दर्ता गर्दाको बखत असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सडक निर्माण दस्तुर सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण मासिक रुपमा नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

११. **सडक मर्मत तथा सुधार दस्तुर**ः सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र

डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

१२. **चलचित्र विकास शुल्कः** नेपालमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको प्रवेश शुल्कमा अनुसूची-४ बमोजिम चलचित्र विकास शुल्क लगाई असुल गरिनेछ।

१३. **प्रदूषण नियन्त्रण शुल्कः** (१) नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर एक रुपैयाँ पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पैठारीकर्ताले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित पैठारीकर्ताबाट वार्षिक पन्ध्र प्रतिशत ब्याजसहित असुल गरिनेछ।

(४) प्रदूषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **टेलिफोन स्वामित्व शुल्कः** (१) टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत पाँचसय रुपैयाँ असुल गरिनेछ। टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल गरिनेछ।

तर मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज शुल्कको दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित निकायबाट वार्षिक पन्ध्र प्रतिशत ब्याजसहित असुल गरिनेछ।

(४) टेलिफोन स्वामित्व शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **दूरसञ्चार सेवा दस्तुरः** (१) टेलिफोन, मोबाइल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको तेह्र प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नुपर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) र फिक्स ब्रोडब्याण्ड सेवा शुल्कको पचास प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा त्यस्तो दस्तुर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र मूल्य अभिवृद्धि कर सहित राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र दस्तुर दाखिल नगरेमा सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर असुल गरिनेछ।

(५) दूरसञ्चार सेवा दस्तुरको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **क्यासिनो रोयल्टीः** (१) नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरे बापत वार्षिक चार करोड रुपैयाँ र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक एक करोड रुपैयाँ

रोयल्टी तिर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि एउटा इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी बापतको रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले आर्थिक वर्ष प्रारम्भ भएको मितिले छ महिनाभित्र नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रोयल्टी रकम दाखिल नगर्ने व्यक्ति वा संस्थाबाट सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त रोयल्टी रकमको पन्ध्र प्रतिशतका दरले थप शुल्क र सो अवधि पछि त्यस्तो बाँकी रोयल्टी रकममा तीस प्रतिशतका दरले वार्षिक थप शुल्क लगाई त्यस्तो रकम असुल गरिनेछ।

(५) क्यासिनो रोयल्टीको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हुनेछ।

(६) प्रचलित कानून बमोजिम क्यासिनो सञ्चालन गर्न वा आधुनिक मेशिन वा उपकरणको माध्यमबाट खेलाइने खेलको लागि इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरे बापत आर्थिक वर्ष २०७६/७७ सम्मको बक्यौता रोयल्टी पूरै र सोमा लागेको थप शुल्क तथा वार्षिक थप शुल्कको पचास प्रतिशत रकम संवत् २०७८ साल चैत मसान्तभित्र बुझाएमा आर्थिक वर्ष २०७६/७७ सम्मको बाँकी थप शुल्क र वार्षिक थप शुल्क छुट दिइनेछ।

(७) प्रचलित कानून बमोजिम क्यासिनो सञ्चालन गर्न वा

आधुनिक मेशिन वा उपकरणको माध्यमबाट खेलाइने खेलको लागि यस अघि इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई आर्थिक ऐन, २०७७ को दफा १६ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०७७/७८ मा लाग्ने रोयल्टी रकम पूर्ण रुपमा छुट हुनेछ।

(८) उपदफा (७) बमोजिमको छुट सुविधा उपभोग गर्न आर्थिक वर्ष २०७६/७७ सम्म नियमित रुपमा रोयल्टी बुझाई नवीकरण भएको वा उपदफा (६) बमोजिम आर्थिक वर्ष २०७६/७७ सम्मको बक्यौता रोयल्टी रकम पूर्ण रुपमा चुक्ता गरेको हुनु पर्नेछ।

१७. **सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्थाः** (१) आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक चार लाख रुपैयाँसम्म रोजगारीको आय भएमा सो आयमा एक प्रतिशतका दरले र दम्पत्तिको हकमा वार्षिक चार लाख पचास हजार रुपैयाँसम्म रोजगारी आय भएमा एक प्रतिशतका दरले कर लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिम असुल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस दफा बमोजिमको कर लाग्ने छैन।

१८. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो

दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लिखित शर्तको अधीनमा रही यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य कार्यमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरी असुल गरिनेछ।

(५) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार, अर्थ मन्त्रालयले सङ्घीय संसदमा पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा

छुट दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१९. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**: (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, आयकर ऐन, २०५८, भन्सार ऐन, २०६४ वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

२०. **<u>प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा बिचाराधीन रहेका मुद्दा फिर्ता लिई कर तिरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः</u>** मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७७ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारणउपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधीन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधीन रहेका मुद्दामध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण वा संशोधित कर निर्धारण बाहेकका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र आयकर बापतको कर वा अन्तःशुल्क रकम र यस दफाको सुविधा उपभोग गर्न निवेदन

दिएको मितिसम्मको ब्याज वा विलम्ब शुल्कको पचास प्रतिशत रकम संवत् २०७८ साल मङ्सिर मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर, जरिबाना तथा बाँकी ब्याज वा विलम्ब शुल्क मिन्हा हुनेछ।

२१. **<u>बक्यौता मिन्हा सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) अन्तःशुल्क ऐन, २०१५ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम, आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकम र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम लगत कायम भई हालसम्म असुल हुन नसकेको बक्यौता रकममध्ये अन्तःशुल्क वा कर रकमको पचहत्तर प्रतिशत रकम संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको जरिबाना, शुल्क, ब्याज र बाँकी अन्तःशुल्क वा कर मिन्हा हुनेछ।

(२) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र आयकर ऐन, २०५८ बमोजिम संवत् २०७६ साल असार मसान्तसम्म कर निर्धारण वा अन्तःशुल्क निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेको रकममध्ये झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारणबाट कायम भएको बक्यौता बाहेक अन्य बक्यौताको हकमा कर वा अन्तःशुल्क रकम र यस उपदफाको सुविधा उपभोग गर्न निवेदन दिएको मितिसम्मको ब्याज वा विलम्ब शुल्क संवत् २०७८ साल पुस मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर र जरिबाना मिन्हा हुनेछ।

(३) गैर नाफामूलक सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था तथा विद्युतीय सञ्जालमा आधारित सवारी सेवा उपलब्ध गराउने सञ्चालकलाई आन्तरिक राजस्व कार्यालयबाट संवत् २०७८ साल जेठ १५ गतेभन्दा अघि मूल्य अभिवृद्धि कर ऐन,

२०५२, आयकर ऐन, २०५८ र सालवसाली आर्थिक ऐन बमोजिमको स्वास्थ्य सेवा करको कर निर्धारण वा संशोधित कर निर्धारण भई न्यायिक प्रक्रियामा नरहेका त्यस्ता करदाताले संवत् २०७८ साल पुस मसान्तभित्र बक्यौता मिन्हाको लागि निवेदन दिएमा त्यस्तो बक्यौता मिन्हा हुनेछ।

२२. **उत्पत्तिको प्रमाणपत्र जारी गरे बापतको कर, थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः** निकासी प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकाय वा संस्थाले संवत् २०७८ साल जेठ १४ गतेसम्म त्यस्तो प्रमाणपत्र जारी गरे बापत बुझाउन बाँकी मूल्य अभिवृद्धि कर वा सो मितिसम्म आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिबाना मिन्हा हुनेछ।

२३. **ट्रेकिङ्ग तथा टुर प्याकेजमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्थाः** (१) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कारोबार गर्ने व्यक्तिले विगतमा ट्रेकिङ्ग तथा टुर प्याकेजमा मूल्य अभिवृद्धि कर लाग्ने कारोबारलाई कर छुटको बिक्री अन्तर्गत देखाई मूल्य अभिवृद्धि कर संकलन र दाखिल नगरेकोमा संवत् २०७८ साल जेठ १४ गतेसम्मको कारोबारको स्वयं घोषणा गरी त्यस्तो कारोबारमा लाग्ने मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ।

(२) उपदफा (१) बमोजिम कर छुटको बिक्री अन्तर्गतको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई तिर्न बाँकी रहेको बक्यौता करमध्ये निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको कर निर्धारण उपर

प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभाग वा राजस्व न्यायाधिकरणमा निवेदन दिई मुद्दा विचाराधीन रहेको व्यक्तिले त्यस्तो मुद्दा फिर्ता लिई निर्धारित कर रकम संवत् २०७८ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुनेछ।

२४. **स्वास्थ्य सेवा प्रदायक संस्थालाई थप दस्तुर र ब्याज मिन्हा सम्बन्धी विशेष व्यवस्थाः** स्वास्थ्य सेवा प्रदायक संस्थाले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्रीमा संकलन गरेको मूल्य अभिवृद्धि करमा मिलान हुन नसकेको बाँकी रकम स्वास्थ्य सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज भई कर विवरणमा डेविट समायोजन गर्दा तिर्न बुझाउन बाँकी रहेको रकममध्ये त्यसरी समायोजन गरेको कर रकम संवत् २०७९ साल असार मसान्तभित्र बुझाएमा सोमा लागेको थप दस्तुर र ब्याज मिन्हा हुनेछ।

२५. **ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः** ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७६/७७ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।

२६. **अन्तःशुल्क इजाजतपत्र नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** (१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम इजाजतपत्र लिई तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाले इजाजतपत्र

नवीकरण गराई कारोबारलाई निरन्तरता दिन चाहेमा संवत् २०७८ साल साउन मसान्तभित्र प्रत्येक वर्षको लागि नवीकरण बापत लाग्ने दस्तुर बुझाई नवीकरण गरेमा लाग्ने जरिबाना मिन्हा हुनेछ।

(२) उपदफा (१) मा तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।

२७. **जिएसएम मोबाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण दस्तुरको खर्च कट्टी तथा आय लेखाङ्कन सम्बन्धी विशेष व्यवस्थाः** (१) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/१० को निर्णय अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको जिएसएम मोबाइल सेवा इजाजतपत्रको दोस्रो नवीकरण बापत आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७५/७६ सम्मको बुझाउनु पर्ने दस्तुर आर्थिक वर्ष २०७५/७६ देखि पाँच किस्तामा भुक्तानी गर्ने सुविधा प्रदान भए बमोजिम प्रत्येक वर्ष भुक्तानी गर्नु पर्ने किस्ता बापतको रकम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले भुक्तानी गरेको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले किस्ताबन्दी रुपमा भुक्तानी गरेको नवीकरण दस्तुर बापतको रकम नेपाल दूरसञ्चार प्राधिकरणले त्यसरी भुक्तानी प्राप्त भएको आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय गणना गर्दा आयमा समावेश गरी कर दायित्व भुक्तानी गर्नु पर्नेछ।

२८. **कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः** (१) बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाख रुपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा नब्बे प्रतिशत छुट हुनेछ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ।

(३) एक करोड रुपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशतले छुट हुनेछ।

(४) होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), यातायात वा हवाई सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ।

(५) उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुनेछ।

२९. **<u>कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्थाः</u>** कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।

३०. **<u>कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्रीमा कर छुट सम्बन्धी विशेष व्यवस्थाः</u>** कोभिड-१९ बाट सङ्क्रमित बिरामीको उपचार व्यवस्थापनका लागि आवश्यक पर्ने भन्सार उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड

ग्यास्यिस अक्सिजन), उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स् र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स्; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर र ३००४.९०.९० मा पर्ने रेम्डेसिभिरको पैठारी, उत्पादन र बिक्री वितरणमा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म छुट हुनेछ।

३१. **<u>व्यावसायिक सामाजिक जिम्मेवारी बापतको रकम स्वास्थ्य क्षेत्रमा खर्च गरेमा खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः</u>** आर्थिक वर्ष

२०७७/७८ मा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि छुट्याइएको रकममध्ये नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टीकृत अस्पताल निर्माण तथा कोभिड- १९ को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा भएको खर्च आयकर प्रयोजनका लागि कट्टी गर्न पाउनेछ।

३२. **सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्थाः** योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम संवत् २०७८ साल चैत मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु पर्ने छैन।

३३. **प्राइभेट फर्म तथा कम्पनी नवीकरण शुल्क मिन्हा सम्बन्धी विशेष व्यवस्थाः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७५/७६ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले संवत् २०७८ साल पुस मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिन्हा हुनेछ।

३४. **करको दायरामा आउनेलाई कर, शुल्क तथा व्याज मिन्हा हुनेः** (१) चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, लेखापढी व्यवसायी, परामर्शदाता, अभिकर्ता तथा मध्यस्थकर्ता सेवा प्रदायक लगायतका प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आफ्नो करयोग्य आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर संवत् २०७८ साल फागुन मसान्तभित्र बुझाई स्थायी लेखा

नम्बर लिएमा सो मा लाग्ने शुल्क तथा ब्याज मिन्हा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कर बुझाएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर, शुल्क तथा ब्याज र आर्थिक बर्ष २०७७/७८ सम्मको कारोबारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर, तथा ब्याज मिन्हा हुनेछ।

३५. **<u>पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था:</u>** (१) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताहरुले आर्थिक वर्ष २०७३/७४ देखि २०७६/७७ सम्मको आफ्नो कारोबार घोषणा गर्दा वास्तविक कारोबार अंक फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७८ साल चैत मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ। यसरी कर दाखिला गर्ने करदाताहरुको सो भन्दा अघिल्ला आर्थिक बर्षहरुको आयकर तथा मूल्य अभिबृद्धि करको कारोबार अंक फरक परेको सम्बन्धमा कुनै छानविन, अनुसन्धान तथा कर निर्धारण गरिने छैन ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिमको आय विवरण तथा उपदफा (४क) बमोजिम कारोबारमा आधारित कर विवरण र कर दाखिला गरेका करदाताहरुको आर्थिक बर्ष २०७३/७४ देखि २०७६/७७ सम्मको वास्तविक कारोबार अंक फरक परेको आधारमा मिति २०७८ असार मसान्तसम्म आयकरतर्फ संशोधित कर निर्धारण र मूल्य अभिबृद्धि करतर्फ कर निर्धारण भई वक्यौता रहेका करदाताले कर निर्धारण गर्दा कायम भएको थप बिक्री

रकमको एक दशमलब पाँच प्रतिशत कर संवत् २०७८ साल चैतमसान्तसम्म दाखिला गरेमा वा यस्तो कर निर्धारण उपर चित्त नबुझाई कानुन बमोजिम प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा पुनरावेदन गरेको करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिला गरेमा बाँकि कर, थप दस्तुर, जरिवाना र शुल्क मिन्हा हुनेछ। यसरी कर दाखिला गर्ने करदाताहरुको सो भन्दा अघिल्ला आर्थिक वर्षहरुको आयकर तथा मूल्य अभिवृद्धि करको कारोबार अंक फरक परेको सम्बन्धमा कुनै छानबिन, अनुसन्धान तथा कर निर्धारण गरिने छैन ।

३६. **<u>मूल्य अभिबृद्धि कर मिनाहा सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) विद्युत वितरण वा प्रशारणको कारोबार गर्ने करदाताले यस ऐन प्रारम्भ भएको दिनसम्म त्यस्तो सेवा बापत बुझाउन बांकि मूल्य अभिवृद्धि कर वा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट सो दिनसम्ममा कर निर्धारण भई बुझाउन बाँकि रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र व्याज मिन्हा हुनेछ।

(२) मूल्य अभिबृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्ने ढुवानी सेवाको कारोबार गर्ने करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मूल्य अभिबृद्धि कर दाखिला नगरेको भए मूल्य अभिबृद्धि कर लाग्ने अवधिको कारोबारको स्वयं घोषणा गरी सोको तेह्र प्रतिशतले हुने मूल्य अभिबृद्धि कर संवत् २०७८ साल पुस मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिवाना मिन्हा हुनेछ। साथै यस्तो कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई वक्यौता रहेका वा सो उपर प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन गरेको वा राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेको मुद्दा विचाराधीन रहेकोमा त्यस्ता करदाताले मुद्दा फिर्ता लिई निर्धारित कर रकम दाखिला गरेमा सोमा लागेको थप दस्तुर,

ब्याज र जरिवाना मिन्हा हुनेछ।

३७. **<u>घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः</u>** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

३८. **<u>मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः</u>** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कुनै व्यक्तिले कारोबार गरेको वस्तु वा सेवामा कर लाग्ने भएमा त्यसरी कर लागेको वा कारोबार सञ्चालन गरेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृतसमक्ष दरखास्त दिनु पर्नेछ।"

(२) दफा १०ग. मा रहेका "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा १६ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्ता भएको वा नभएको व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि आफैंले प्रमाणित गरेको खरिद बिक्री खाता लेखा राख्ने प्रयोजनको निमित्त प्रयोग गर्नु पर्नेछ। त्यस्तो खाता कर

अधिकृतले जुनसुकै बखत जाँच गर्न सक्नेछ।"

(ख) उपदफा (३क) झिकिएको छ।

(४) दफा १६ख. मा रहेका "हानि नोक्सानी भएको" भन्ने शब्दहरु पछि "वा उपयोग गर्ने म्याद सकिएको" भन्ने शब्दहरु थपिएका छन्।

(५) दफा २० को उपदफा (४क) पछि देहायको उपदफा (४ख) थपिएको छः-

"(४ख) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व न्यायाधिकरण वा अन्य अधिकार प्राप्त अदालतबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म कर अधिकृतले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्ने छैन।

तर त्यस्तो निकायले पुनः छानबिन गर्ने आदेश दिएमा कर निर्धारण गर्न बाधा पुगेको मानिने छैन।"

(६) दफा २१ को उपदफा (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) म्यादभित्र बुझाउनु पर्ने कर नबुझाउने करदाताको नाम प्रकाशन वा प्रसारण वा विभागको वेबसाइटमा सार्वजनिक गरेर।"

(७) दफा २९ को उपदफा (१) को खण्ड (छ१) झिकिएको छ।

(८) दफा ३२ख. को उपदफा (२) मा रहेका "राष्ट्रियस्तरको पत्रपत्रिकामा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रियस्तरको पत्रपत्रिका वा अन्य विद्युतीय माध्यमबाट" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः-

"३३. धरौटी राख्नु पर्ने: (१) यस ऐन बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिबानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको धरौटी वा बैङ्क जमानतको रकम गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्नु पर्नेछ।"

(१०) अनुसूची-१ मा संशोधन: मूल ऐनको अनुसूची-१ को,-

(१) समूह १ को,-

(क) "उपशीर्षक १९०४.९०.०० (--धानको भुजा तथा चिउरा)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक १९०४.९०.१० (---धानको भुजा) र "उपशीर्षक १९०४.९०.२० (---चिउरा)" भन्ने शब्दहरु राखिएका छन्।

(ख) शीर्षक १९.०४ पछि "शीर्षक २१.०६ को उपशीर्षक २१०६.९०.९४ (----सोयाबडी मस्यौरा)" भन्ने शब्दहरु थपिएका छन्।

(ग) द्रष्टव्यको बुँदा नं. (१क) झिकिएको छ।

(२) समूह २ को शीर्षक २७.१६ को उपशीर्षक २७१६.००.०० मा रहेका "विद्युत शक्ति" भन्ने शब्दहरुको सट्टा "विद्युत उत्पादन, वितरण र प्रसारण" भन्ने शब्दहरु राखिएका छन्।

(३) समूह ३ को शीर्षक ०३.०५ अन्तर्गत रहेका

"उपशीर्षक ०३०५.५९.०० (---अन्य)" भन्ने शब्दहरु झिकिएका छन्।

(४) समूह ४ को,-

(क) "उपशीर्षक ३९२३.१०.९० (---अण्डा राख्ने क्रेट)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ३९२३.१०.२० (---अण्डा राख्ने क्रेट)" भन्ने शब्दहरु राखिएका छन्।

(ख) "उपशीर्षक ३८०८.९९.०० (--मुसानासक उत्पादन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ३८०८.९९.११ (---मुसानासक उत्पादन)" भन्ने शब्दहरु राखिएका छन्।

(ग) "उपशीर्षक ४८१९.१०.०० (--अण्डा राख्ने क्रेट)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ४८१९.१०.१० (---अण्डा राख्ने क्रेट)" भन्ने शब्दहरु राखिएका छन्।

(घ) "द्रष्टव्य अन्तर्गतको बुँदा नं. (१) मा रहेको "उप शीर्षक ४८७९.८९.९०" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ४८७९.८९.९९" भन्ने शब्दहरु राखिएका छन्।

(५) समूह ५ को,-

(क) "उपशीर्षक २८०४.४०.०० (-अक्सिजन ग्याँस)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक २८०४.४०.१० (---मेडिकल ग्रेड) र उपशीर्षक २८०४.४०.९० (--- अन्य)"

भन्ने शब्दहरु राखिएका छन्।

(ख) "उपशीर्षक ३८२४.९९.९० (--- डाइलाइसिसमा प्रयोग हुने बाथ कन्सेन्ट्रेट (ठोस वा तरल))" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ३८२४.९९.२० (--- मृगौलाका बिरामीको उपचारमा प्रयोग हुने ठोस वा तरल डाइलाइसिस बाथ कन्सेन्ट्रेट)" भन्ने शब्दहरु राखिएका छन्।

(ग) "उपशीर्षक ८७११.२०.९० (--- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७११.२०.९१ (---५० सि.सि. नाघेको तर १५५ सि.सि. ननाघेको अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर) र "उपशीर्षक ८७११.२०.९९ (---१५५ सि.सि. नाघेको तर २५० सि.सि. ननाघेको अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने गरी बनाइएको स्कुटर)" भन्ने शब्दहरु राखिएका छन्।

(घ) द्रष्टव्यको,-

(अ) बुँदा नं. (२) को सट्टा देहायको बुँदा नं. (२) राखिएको छः-

"(२) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने रगत राख्ने प्लाष्टिकका थैला (९०१८.९०.२०), ट्रान्सफ्युजन

सेट (९०१८.९०.९०), रिएजेन्ट (३८२२.००.००) तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरू।"

(आ) बुँदा नं. (४) मा रहेका "ब्रेल नोट टेकर (८४७१.३०.००)" भन्ने शब्दहरुको सट्टा "ब्रेल नोट टेकर (८४७१.३०.९०)" भन्ने शब्दहरु, "आवाज दिने थर्मोमिटर (९०२५.१९.००)" भन्ने शब्दहरुको सट्टा "आवाज दिने थर्मोमिटर (९०२५.१९.९०)" भन्ने शब्दहरु राखिएको, "ब्रेल टाइपराइटर (८४७२.९०.००)" भन्ने शब्दहरुको सट्टा "ब्रेल टाइपराइटर (८४७२.९०.९०)" भन्ने शब्दहरु राखिएका छन् र "ब्रेलो (ब्रेल प्रिन्टर)" भन्ने शब्दहरु पछि उपशीर्षक (८४४३.३१.००)" भन्ने शब्दहरु थपिएका छन्।

(इ) बुँदा नं. (५) को सट्टा देहायको बुँदा नं. (५) राखिएको छः-

"(५) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ

र रासायनिक पदार्थ; शीर्षक ११.०८ का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार), उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार, शीर्षक १५.२१ मा पर्ने मौरीको वनस्पति तथा अन्य मैन, उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको अन्य चिनी, उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज, उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज, उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज र उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी, उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्टी क्यासे), उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल, उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट, उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड, शीर्षक २७.१२ मा पर्ने ह्वाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली, शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ्ग, शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल्स,

उपशीर्षक ३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल, उपशीर्षक ३३०२.९०.०० मा पर्ने सुगन्धयुक्त तत्व, शीर्षक ३४.०२ मा पर्ने टिवइन ८० सोडियम लौरेल सल्फेट, उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन, उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट, उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम, उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड, उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर्स, उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकनहरु, शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज, शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग, उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर, उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल, उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल, उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युव तथा उपशीर्षक ८३०९.९०.१० मा पर्ने पी.पी.क्याप; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक एवं उपशीर्षक

३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कपहरू तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.) उत्पादनमा प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ।

(ई) बुँदा नं. (१०) मा "उपशीर्षक ९०१८.९०.०० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्गस" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्ग;" भन्ने शब्दहरु, "उपशीर्षक ९४०२.९०.०० मा पर्ने डाइलासिस बेड तथा कुर्सी" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी;" भन्ने शब्दहरु, "उपशीर्षक ९०१८.९०.०० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन

र डिफ्रीब्रिलेटर" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ९०१८.९०.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर;" भन्ने शब्दहरु, "उपशीर्षक ९०१८.१९.०० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटर्फम र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर." भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटफर्म र मल्टिप्लेक्स रियल टाइम पि.सी.आर." भन्ने शब्दहरु राखिएका र "हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्यूनोकेमेष्ट्री एनालाइजर" भन्ने शब्दहरु अघि "उपशीर्षक ९०२७.८०.१० मा पर्ने" भन्ने शब्दहरु थपिएका छन्।

(उ) बुँदा नं. (११) मा रहेका "उपशीर्षक ९०१९.२०.०० मा पर्ने भेन्टिलेटर" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ९०१९.२०.३० मा पर्ने मेडिकल भेन्टिलेटर" भन्ने शब्दहरु, "उपशीर्षक ९०१८.९०.०० मा पर्ने पोर्टेबेल पि.सि.आर. मेशिन" भन्ने

शब्दहरुको सट्टा "उपशीर्षक ९०१८.९०.३० मा पर्ने पि.सि.आर. मेशिन" भन्ने शब्दहरु राखिएको, बुँदा नं. (११) को अन्त्यमा रहेका "उपशीर्षक ९००४.९०.०० मा पर्ने प्रोटेक्टिभ गगल्स" भन्ने शब्दहरु पछि "उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस अक्सिजन), उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई एस ओ कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक

९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्ट्युरी मास्क, रिजर्भ्वायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स्; उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु.बेड, उपशीर्षक ९०२७.८०.१० मा पर्ने ब्लड ग्याँस एनालाइजर" भन्ने शब्दहरु थपिएका छन्।

(ऊ) बुँदा नं. (११) पछि देहायको बुँदा नं. (१२) थपिएको छः-

"(१२) आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको सिफारिसमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्न पैठारी गर्ने कच्चा पदार्थ।"

(६) समूह ७ को द्रष्टव्यको बुँदा नं. (१) पछि देहायको बुँदा नं. (२) थपिएको छः-

"(२) ई-बुक तथा ई-पत्रिका शुल्क।"

(७) समूह ९ मा रहेका "तथा निर्यातको प्रयोजनका लागि भएको कार्गो सेवा" भन्ने शब्दहरुको सट्टा "ढुवानी साधनको भाडा, ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) तथा कार्गो सेवा" भन्ने शब्दहरु राखिएका छन्।

(८) समूह ११ को खण्ड (अ) को,-

(क) "उपशीर्षक ८४१३.७०.९० (--ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डि.सी. पम्प))" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८४१३.७०.९९ (----ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डि.सी. पम्प))" भन्ने शब्दहरु राखिएका छन्।

(ख) "उपशीर्षक ८४१९.२०.०० (-औषधीय (मेडिकल), शल्यचिकित्सा सम्बन्धी (सर्जिकल) वा प्रयोगशाला सम्बन्धी (लेबोरेटरी) विसंक्रामकहरु

(स्टेरिलाइजर्स))" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८४१९.२०.१० (---अटोक्लेभ्स) र उपशीर्षक ८४१९.२०.९० (---अन्य औषधीय (मेडिकल), शल्यचिकित्सा सम्बन्धी (सर्जिकल) वा प्रयोगशाला सम्बन्धी (लेबोरेटरी) विसंक्रामकहरु (स्टेरिलाइजर्स))" भन्ने शब्दहरु राखिएका छन्।

(ग) "उपशीर्षक ८४१९.८९.०० (--अन्य)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८४१९.८९.१०(---कुलिङ्ग टावर) र उपशीर्षक ८४१९.८९.९० (---अन्य)" भन्ने शब्दहरु राखिएका छन्।

(घ) "उपशीर्षक ८५१४.१०.३० (---शवदाह मेशिन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८५१४.३०.१० (-शवदाह मेशिन)" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) "उपशीर्षक ८७०२.१०.४० (--एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०२.१०.४९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(च) "उपशीर्षक ८७०२.२०.४० (--एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०२.२०.४९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(छ) "उपशीर्षक ८७०२.३०.४० (--एम्बुलेन्स र

शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०२.३०.४९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ज) "उपशीर्षक ८७०२.४०.४० (--एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०२.४०.४९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(झ) "उपशीर्षक ८७०२.९०.४० (--एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०२.९०.४९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ञ) "उपशीर्षक ८७०३.२१.९० (--एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.२१.९९ (---- एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ट) "उपशीर्षक ८७०३.२२.०० (--सिलिण्डर क्षमता १००० सी.सी नाघेको तर १५०० सी.सी ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.२२.९० (---सिलिण्डर क्षमता १००० सी.सी. नाघेको तर १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ठ) "उपशीर्षक ८७०३.२३.०० (--सिलिण्डर

क्षमता १५०० सी.सी. नाघेको तर ३००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.२३.१९ (----सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर २००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)", "उपशीर्षक ८७०३.२३.२९ (----सिलिण्डर क्षमता २००० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" र "उपशीर्षक ८७०३.२३.३९ (----सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको तर ३००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) "उपशीर्षक ८७०३.२४.०० (--सिलिण्डर क्षमता ३००० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.२४.९० (---सिलिण्डर क्षमता ३००० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ढ) "उपशीर्षक ८७०३.३१.०० (--सिलिण्डर क्षमता १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.३१.९० (---सिलिण्डर क्षमता १५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(ण) "उपशीर्षक ८७०३.३२.०० (--सिलिण्डर

क्षमता १५०० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.३२.१९ (----सिलिण्डर क्षमता १५०० सी.सी. नाघेको तर २००० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" र "उपशीर्षक ८७०३.३२.२९ (----सिलिण्डर क्षमता २००० सी.सी. नाघेको तर २५०० सी.सी. ननाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(त) "उपशीर्षक ८७०३.३३.०० (--सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८७०३.३३.९० (---सिलिण्डर क्षमता २५०० सी.सी. नाघेको एम्बुलेन्स र शव वाहन)" भन्ने शब्दहरु राखिएका छन्।

(थ) "उपशीर्षक ८४४९.००.९० (--- अन्य)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८४४९.००.२० (---अन्य मेसिन) र ८४१९.००.९० (--- पार्टपुर्जा)" भन्ने शब्दहरु राखिएका छन्।

(द) "उपशीर्षक ८४२१.३९.०० (-- अन्य)" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८४२१.३९.१० (--- मेडिकल ग्रेड अक्सिजनका लागि प्रेशर स्वीङ्ग एडसोप्स्न अक्सिजन प्लान्ट र क्रोजेनिक अक्सिजन एयर सेपरेसन प्लान्ट) तथा उपशीर्षक

८४२१.३९.९० (--- अन्य)" भन्ने शब्दहरु राखिएका छन्।

(९) समूह ११ को खण्ड (आ) को,-

(क) बुँदा नं. (१) पछि देहायको बुँदा नं. (१क) थपिएको छः-

"(१क) उपशीर्षक ८४७९.८९.६० मा पर्ने साइलो र साइलोमा गरिने कृषि पैदावार भण्डारण बापतको सेवा।"

(ख) बुँदा नं. ४ मा रहेका "मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर)," भन्ने शब्दहरु पछि "मुद्रा सटही (मनि एक्सचेञ्ज), स्वीफ्ट सेवा, हायर पर्चेज कारोबार, निक्षेप तथा कर्जा सुरक्षण सेवा," भन्ने शब्दहरु थपिएका छन्।

(ग) बुँदा नं. ६ को (क) मा "उपशीर्षक ८५१६.६०.००" भन्ने शब्दहरुको सट्टा "उपशीर्षक ८५१६.६०.११, ८५१६.६०.१२ र ८५१६.६०.१९" भन्ने शब्दहरु राखिएका छन्।

(घ) बुँदा नं. १२ मा रहेका "सोसँग सम्बन्धित पार्टपुर्जा" भन्ने शब्दहरु पछि "तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट)" भन्ने शब्दहरु थपिएका छन्।

(ङ) बुँदा नं. १२ पछि देहायका बुँदा नं. १२क थपिएको छः-

"१२क. संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा बढी क्षमताका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाको लागि लगानी बोर्डबाट स्वीकृत हुनेको हकमा सो बोर्डको र अन्यको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदारले पैठारी गर्ने निर्माण उपकरण, प्लाण्ट, मेशिनरी औजार एवं सोको सम्बन्धित पार्टपूर्जा, विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टील प्लेटहरुमा मूल्य अभिबृद्धि कर छुट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिस गर्दा जलविद्युत आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नुपर्नेछ।"

(च) बुँदा नं. २० पछि देहायका बुँदा नं. २१ र २२ थपिएका छन्:-

"२१. निर्यात प्रयोजनको लागि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सेवा।

२२. ट्रेकिङ्ग तथा टुर प्याकेज सम्बन्धी सेवा।"

(११) <u>अनुसूची-२ मा संशोधन:</u> मूल ऐनको अनुसूची-२ को,-

(१) बुँदा नं. ७ झिकिएको छ।

(२) बुँदा नं. ११ पछि देहायको बुँदा नं. १२ थपिएको छः-

"१२. वन तथा वातावरण मन्त्रालयको सिफारिसमा स्वदेशी उद्योगबाट उत्पादन हुने विद्युतीय सवारीमा प्रयोग हुने उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड व्याट्री।"

३९. <u>अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः</u> अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा ४घ. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) होटल, रेष्टुरेन्ट तथा पार्टी प्यालेस व्यवसायी बाहेक मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सुर्तीजन्य पदार्थको मात्र कारोबार गर्न पाउनेछ।"

(२) दफा ९ को उपदफा (६क) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(३) दफा ९ को उपदफा (६क) पछि देहायको (६ख) थपिएको छः-

"(६ख) उपदफा (५) वा (६) बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।"

(४) दफा १६ को,-

(क) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) अर्काको नामको ब्राण्ड प्रयोग गरी वा ब्राण्ड नखोली उत्पादन, निष्कासन, भण्डारण वा बिक्री वितरण गरेमा,"

(ख) उपदफा (३) मा रहेका "अन्तःशुल्क लाग्ने वस्तुको" भन्ने शब्दहरु पछि "वा ब्राण्ड नखुलेको हकमा ७० यु.पि. शक्तिको मदिराको" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (६) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५)" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा १९ को उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन्:-

"(६क) उपदफा (६) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित अन्तःशुल्क रकममध्ये विवादरहित अन्तःशुल्क रकम बुझाई विवादित अन्तःशुल्क रकम र जरिबानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(६ख) उपदफा (६क) बमोजिम धरौटी वा बैङ्क जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत अन्तःशुल्क रकमलाई समेत गणना गर्नु पर्नेछ।"

अनुसूची
(दफा ३ सँग सम्बन्धित)
अन्तःशुल्क दरबन्दी

शीर्षक	उपशीर्षक	वस्तु वा सेवाको विवरण	अन्तुःशुल्क दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा
०२.०१		चौपाया (वोभाइन जातिको) ताजा वा चिसो पारेको (फ्रेस वा चिल्ड) मासु।	
	०२०१.१०.००	-सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
	०२०१.२०.००	-हाड सहितको अन्य टुक्राहरु	५
	०२०१.३०.००	-हाड नभएको	५
०२.०२		चौपाया (बोभाइन जातिको) हिमीकृत (फ्रोजेन) मासु।	
	०२०२.१०.००	-सिङ्गो र आधा शरीर (करकास र हाफ करकास)	५
	०२०२.२०.००	-हाड सहितको अन्य टुक्राहरु	५
	०२०२.३०.००	-हाड नभएको	५
०२.०३		सुँगुरको मासु ताजा, चिसो पारेको वा हिमीकृत (फ्रेस, चिल्ड वा फ्रोजेन)।	
		-ताजा वा चिसो पारेको :	
	०२०३.११.००	--सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
	०२०३.१२.००	--हाडसहितको अगाडि र पछाडिका साँप्राहरु र साँप्राबाट काटिएका अन्य टुक्राहरु	५

	०२०३.१९.००	--अन्य	५
		-हिमीकृत (फ्रोजेन) :	
	०२०३.२१.००	--सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
	०२०३.२२.००	--हाडसहितको अगाडि र पछाडिका साँप्राहरु र साँप्राबाट काटिएका अन्य टुक्राहरु	५
	०२०३.२९.००	--अन्य	५
०२.०४		भेडा वा खसी बोकाको ताजा, चिसो पारेको वा हिमीकृत मासु।	
	०२०४.१०.००	-भेडा (पाठो) को ताजा वा चिसो पारेको सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
		-भेडाको ताजा वा चिसो अन्य मासुः	
	०२०४.२१.००	--सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
	०२०४.२२.००	--हाडसहितको अन्य टुक्रा	५
	०२०४.२३.००	--हाड नभएको	५
	०२०४.३०.००	-भेडा (पाठो) को हिमीकृत (फ्रोजेन) सिङ्गो र आधा शरीरहरु (करकास र हाफ करकास)	५
		-हिमीकृत (फ्रोजेन) गरिएका भेडाका अन्य मासुः	
	०२०४.४१.००	--सिङ्गो र आधा शरीरहरु (करकास र हाफकरकास)	५
	०२०४.४२.००	--हाडसहितको अन्य टुक्राहरु	५
	०२०४.४३.००	--हाड नभएको	५
	०२०४.५०.००	-खसी बोकाको मासु	५

०२०५	०२०५.००.००	घोडा, गधा, खच्चर र हिनिजहरुको ताजा, चिसो, वा हिमीकृत (फ्रोजेन) मासु।	५
०२.०६		चौपाया जीवजन्तु, (बोभाइन), सुँगुर, भेडा, खसी बाख्रा, घोडा, गधा, खच्चर वा हिनिजहरुको ताजा, चिसो पारेको वा हिमीकृत (फ्रोजेन) खान हुने कमसल मासु, (इडिबुल अफल)।	
	०२०६.१०.००	-चौपाया (बोभाइन) जीवजन्तुको ताजा र चिसो	५
		-चौपाया जीवजन्तु (बोभाइन) को हिमीकृत (फ्रोजेन):	
	०२०६.२१.००	--जीब्रो	५
	०२०६.२२.००	--कलेजो	५
	०२०६.२९.००	--अन्य	५
	०२०६.३०.००	-सुँगुरको ताजा र चिसो पारेको	५
		-सुँगुरको हिमीकृत (फ्रोजेन):	
	०२०६.४१.००	--कलेजो	५
	०२०६.४९.००	--अन्य	५
	०२०६.८०.००	-अन्य ताजा वा चिसो पारेको	५
	०२०६.९०.००	-अन्य हिमीकृत (फ्रोजेन)	५
०२.०७		संकेत ०१.०५ को कुखुराको ताजा, चिसो पारेको वा हिमीकृत मासु र खान हुने अफल।	
		-ग्यालुस डोमेष्टिकस जातका चराहरु (फाउल) कोः	
	०२०७.११.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिसो पारिएका (फ्रेस वा चिल्ड)	५

	०२०७.१२.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)	५
	०२०७.१३.००	--ताजा वा चिस्याइएका (फ्रेस वा चिल्ड) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)	५
	०२०७.१४.००	--हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (ओफाल)	५
		-टर्कीहरुको :	
	०२०७.२४.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)	५
	०२०७.२५.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)	५
	०२०७.२६.००	--ताजा वा चिस्याइएका टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)	५
	०२०७.२७.००	--हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)	५
		-हाँस (डक) हरुको:	
	०२०७.४१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)	५
	०२०७.४२.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजन)	५
	०२०७.४३.००	--ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरु	५
	०२०७.४४.००	--अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)	५
	०२०७.४५.००	--अन्य, हिमीकृत (फ्रोजन)	५
		-हाँस (गीज) हरुको:	

	०२०७.५१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)	५
	०२०७.५२.००	--टुक्रा नपारिएको सिङ्गो), हिमीकृत फ्रोजन)	५
	०२०७.५३.००	--ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरु	५
	०२०७.५४.००	--अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)	५
	०२०७.५५.००	--अन्य, हिमीकृत (फ्रोजन)	५
	०२०७.६०.००	-गिनी जातका चराहरुको	५
०२.०८		ताजा, चिसो पारेको वा हिमीकृत अन्य मासु र खान हुने अफल मासु।	
	०२०८.१०.००	-खरायोको	५
	०२०८.३०.००	-प्रधान स्तनी (नर बानर) हरु (प्राइमेट) को	५
	०२०८.४०.००	-तिमिङ्गल (ह्वेल) हरू, सौंस वा गुँज डल्फिन) हरू र शिंशुक (परपस) हरू (तिमिगण श्रेणीका स्तनपायीहरू) को; समुद्रीगाई (मैनेटी) र हस्तिमकर (डुगङ्ग) हरू, जलीय स्तनधारी (सिरेनिया) श्रेणीका स्तनपायीहरूको; सिलहरु, सी लायनहरु र वालरसहरु (पाइनिपेडिया उपश्रेणीका स्तनपायीहरु) को	५
	०२०८.५०.००	-सरीसृपहरु (सर्प र कछुवा समेत) को	५

	०२०८.६०.००	-ऊँट र अन्य ऊँटजातीय जन्तुहरु (क्यामेलिडाई) को	५
	०२०८.९०.००	-अन्य	५
०२.०९		नखारिएको वा अन्य प्रकारले निस्सारण नगरिएको, ताजा, चिस्याइएको, हिमीकृत, लवणित, नून पानीमा डुबाएको, सुकाएको वा धूमित मासु नभएको सुँगुरको बोसो (पिग फ्याट) र कुखुराको बोसो (पौल्ट्री फ्याट)।	
	०२०९.१०.००	-सुँगुर (पिग) हरुको	५
	०२०९.९०.००	-अन्य	५
०२.१०		मासु र खान हुने अफल मासु (नून हालेको, नून पानीमा डुबाएको, सुकाएको वा धूमित (स्मोक्ड) र खान हुने (इडिबुल) धूलो मासु (फ्लोअर्स एण्ड मिल्स) समेत।	
		-सुँगुरको मासु :	
	०२१०.११.००	--हाड सहितका अगाडि र पछाडिका साँप्राहरु र साँप्राबाट काटिएका अन्य टुक्राहरु	५
	०२१०.१२.००	--भुँडी र भुँडीका टुक्राहरु	५
	०२१०.१९.००	--अन्य	५
	०२१०.२०.००	-चौपाया (बोभाइन) को मासु	५
		-अन्य, मासु वा मांसावशेष (अफल) का खान हुने धुलो र पीठोसमेत :	
	०२१०.९१.००	--प्रधान स्तनी (नर बानर) (प्राइमेट) को	५

(१०) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(११) शीर्षक ०२.०१, ०२.०२, ०२.०३, ०२.०४, ०२.०५, ०२.०६, ०२.०७, ०२.०८, ०२.०९, ०२.१०, ०३.०४, ०३.०५, ०३.०६, ०३.०७, ०३.०८,

०८.०१, ०८.०२, ०८.०४, ०८.०६, ०८.०९, ०८.१२, ०८.१३, ०९.०६, १६.०२, १६.०३, १६.०४, १६.०५, २०.०१, २०.०२, २०.०३, २०.०४, २०.०६, २०.०७, २०.०८, २१.०५, २४.०१, २५.१५, २५.१६, ३९.१७, ४४.१२, ६८.०२, ७२.०७, ७२.०९, ७२.११, ७२.१३, ७२.१४, ७२.१५, ७२.१६, ७२.१७, ७२.२३, ७२.२९, ७३.०७, ७३.०८, ७३.०९, ७३.१२, ७३.१३, ७३.१४, ७३.१५, ७३.१७, ७३.२४, ९४.०१, ९४.०३ र ९४.०६ तथा उपशीर्षक १४०४.९०.३०, १६०१.००.००, १७०१.१३.१०, १७०१.१४.१०, १७०४.१०.००, १७०४.९०.००, १९०५.९०.३०, २००५.१०.००, २००५.२०.९०, २००५.४०.००, २००५.५१.००, २००५.५९.००, २००५.६०.००, २००५.७०.००, २००५.८०.००, २००५.९१.००, २००५.९९.००, २१०१.११.००, २१०१.१२.००, २१०१.२०.००, २१०१.३०.००, २१०६.९०.१०, ३९२१.९०.११, ३९२१.९०.९२, ३९२३.१०.२० ३९२४.१०.१०, ६४०४.११.१०, ६४०५.२०.१०, ७३११.००.२०, ७३११.००.९०, ७३२०.१०.९०, ८५०७.१०.००, ८५०७.२०.००, ८५४४.७०.००, ९४०६.१०.९० र ९४०६.९०.९० मा पर्ने वस्तुको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

(१२) शीर्षक २१.०६ को उपशीर्षक २१०६.९०.२०, २१०६.९०.६० र भन्सार शीर्षक २४.०३ को उपशीर्षक २४०३.९९.१०, २४०३.९९.२० र २४०३.९९.३० का वस्तुमा कुल तौल प्रति किलोग्राममा अन्तःशुल्क लाग्नेछ।

(१३) मदिरा, वियर र चुरोटको उत्पादक, पैठारीकर्ता वा सोको बिक्रेताले त्यस्तो वस्तुको बिक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको सुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(१४) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अङ्कको भन्सार उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अङ्क थप गर्न सक्नेछ।

(१५) अन्तःशुल्क लाग्न सक्ने वस्तुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ।

४०. **<u>आयकर ऐन, २०५८ मा संशोधनः</u>** आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (द) को उपखण्ड (२) को स्पष्टीकरण खण्डमा रहेका "भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा" भन्ने शब्दहरुको सट्टा "भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (कम) मा रहेको "कमिशन," भन्ने शब्द झिकिएको छ।

(२) दफा ४ को,-

(क) उपदफा (४) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) व्यवसायबाट प्राप्त करयोग्य आय तीन लाख रूपैयाँसम्म र व्यवसायको

कारोबार तीस लाख रूपैयाँभन्दा बढी नभएको,"

(२) खण्ड (ग) र (घ) झिकिएका छन्।

(ख) उपदफा (४क) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रुपैयाँसम्म र व्यवसायको कारोबार तीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी भएको,"

(२) खण्ड (ग) झिकिएको छ।

(३) दफा ५ मा रहेका दफा "१२, १२क., १२ख., ६३ वा" भन्ने शब्दहरुको सट्टा "१२, १२क., १२ख., १२ग., ६३ वा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १० को खण्ड (ट) पछि देहायका खण्ड (ठ) र (ड) थपिएका छन्ः-

"(ठ) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोष (म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम,

(ड) नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम।"

(५) दफा ११ को,-

(क) उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशतले कर छुट हुनेछ।"

(ख) उपदफा (३) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कर्णाली प्रदेशमा स्थापित सय भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पन्ध्र बर्षसम्म आयकर छुट हुनेछ।"

(ग) उपदफा (३घ) को सट्टा देहायको उपदफा (३घ) राखिएको छः-

"(३घ) विद्युतको व्यापारिक कारोबार गर्ने व्यक्तिलाई देहाय बमोजिम कर छुट हुनेछ

(क) संवत् २०८२ साल चैत महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ।

तर संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन

(फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म पूरै र त्यसपछिको छ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाको बखतको व्यवस्था कायम रहनेछ।"

(घ) उपदफा (३८) को सट्टा देहायको उपदफा (३८) राखिएको छः-

(३८) पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई देहाय अनुसार कर छुट हुनेछः-

(क) एक अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकोलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ।

(ख) तीन अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकालाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको पाँच वर्षसम्म लाग्ने

आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ।

(ग) पाँच अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकालाई कारोबार सुरु गरेको मितिले पन्ध्र वर्षसम्म पूर्ण रूपमा छुट हुनेछ ।

(ङ) उपदफा (३ङ) को खण्ड (ग) मा रहेका "पच्चीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पैंतीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(च) उपदफा (३द) को सट्टा देहायको उपदफा (३द) राखिएको छः-

"(३द) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना वा स्थानान्तरण भई सञ्चालनमा रहेको विशेष उद्योगलाई उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा पचास प्रतिशत र त्यसपछिको पाँच वर्षसम्म पच्चीस प्रतिशत छुट हुनेछ।"

(छ) उपदफा (३द) पछि देहायका उपदफा (३ध), (३न), (३प), (३फ) र (३ब) थपिएका छन्:-

"(३ध) स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा बीस प्रतिशत छुट हुनेछ।

(३न) नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले

पाँच वर्षसम्म लाग्ने करमा शतप्रतिशत छुट हुनेछ।

(३प) काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई सञ्चालन भएको मितिले तीन वर्षसम्म लाग्ने करमा शतप्रतिशत र त्यसपछिको दुई वर्षसम्म पचास प्रतिशत छुट हुनेछ।

(३फ) वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत र त्यस पछिको दुई वर्ष पच्चीस प्रतिशत छुट हुनेछ।

(३ब) स्वास्थ्य खोप, अक्सिजन ग्यास तथा स्यानिटरी प्याड उत्पादन गर्ने उद्योगलाई उत्पादन सुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा शतप्रतिशत र त्यसपछिको दुई वर्षसम्म पचास प्रतिशत छुट हुनेछ।"

(६) दफा दफा ११ख. पछि देहायको ११ग. थपिएको छः-

<u>११ग. राष्ट्रिय महत्वका पूर्वाधार विकास आयोजना तथा उद्योगलाई सहुलियतः</u> राष्ट्रिय महत्वका जलविद्युत आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगतमार्ग तथा सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना, सिमेन्ट उद्योग, स्टिल उद्योग, कृषिमा आधारित उद्योग, पर्यटन सेवासँग सम्बन्धित उद्योग तथा तीन सय भन्दा बढी नेपाली नागरिकलाई रोजगारी दिने र पचास

प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योग (चुरोट, बिँडी, सिगार, खाने सुर्ती, खैनी, गुट्का, पान मसला, मदिरा र वियर उद्योग बाहेक) मा सवंत् २०८० साल चैत मसान्तसम्म गरेको लगानीको आयस्रोत खोजिने छैन।"

(७) दफा १२ख. पछि देहायको दफा १२ग. थपिएको छः-

"१२ग. <u>स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुँजीः</u> कुनै व्यक्तिले सम्बद्ध व्यक्ति बाहेकका बढीमा पाँच वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय एक लाख रुपैयाँसम्मको बीउ पुँजी अनुदान स्वरुप उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।"

(८) दफा ४७क. को,-

(क) उपदफा (६) मा रहेका "निःसर्ग हुन चाहने निकायले संवत् २०७८ असार मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "निःसर्ग हुन चाहने एकै वर्गका निकायले संवत् २०७९ साल असार मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (७) मा रहेका "संवत् २०७९ असार मसान्तभित्र" भन्ने शब्दहरुको सट्टा "संवत् २०८० साल असार मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ७५ को उपदफा (२) मा रहेका "विभागमा वा विभागले आवश्यकतानुसार अन्य कुनै स्थानमा वा कुनै माध्यमद्वारा उपलब्ध गराउनेछ" भन्ने शब्दहरुको सट्टा "विभागको आफ्नो वेबसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा वा अन्य विद्युतीय माध्यमबाट प्रकाशन तथा

प्रसारण गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ७९ को उपदफा (१) को खण्ड (क) मा रहेका "टेलिफ्याक्स, टेलेक्स," भन्ने शब्दहरुको सट्टा "ठेगानामा फ्याक्स," भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ८८ को,-

(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको,-

(१) खण्ड (८) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) खण्ड (९) मा रहेका "विदेशी बैङ्कबाट" भन्ने शब्दहरुको सट्टा "विदेशी बैङ्क वा अन्य वित्तीय संस्थाबाट" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (१०) पछि देहायका खण्ड (११) र (१२) थपिएका छन्:-

"(११) विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशतका दरले।

(१२) बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले जीवन बीमा कम्पनीलाई निक्षेप बापत भुक्तानी गरेको ब्याजमा पाँच प्रतिशतका दरले।"

(ख) उपदफा (४) को,-

(१) खण्ड (ख) पछि देहायको (ख१) र (ख२) थपिएका छन्-

"(ख१) सहकारी बैङ्क तथा सहकारी संघ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याज।

(ख२) संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापत तिरेको ब्याज।"

(२) खण्ड (ङ) झिकिएको छ।

(१२) दफा ८९ को उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक बाक्यांश थप गरिएको छः-

"तर नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आफ्नो प्रयोजनका लागि खरिद गर्ने हातहतियार, गोली गठ्ठा तथा सञ्चार उपकरणको खरिद बापतको भुक्तानीमा यो उपदफा लागू हुने छैन।"

(१३) दफा ९२ को उपदफा (१) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको

सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी।"

(१४) दफा ९५क. को,-

(क) उपदफा (२) को खण्ड (क) मा रहेका "बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीनसय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीनसय पैंसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको सात दशमलव पाँच प्रतिशत" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) झिकिएको छ।

(ग) उपदफा (६क) पछि देहायका उपदफा (६ख), (६ग) र (६घ) थपिएका छन्:-

"(६ख) व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भए सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

(६ग) व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरे बापत विदेशी मुद्रामा कुनै भुक्तानी प्राप्त गरेको

भएमा सम्बन्धित बैंङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।

(६घ) व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले सामाजिक सञ्जालमा श्रव्यदृश्य सामग्री अपलोड गरे बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैंङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ।"

(१५) दफा ९६ को उपदफा (२) को खण्ड (ग) को उपखण्ड (३) झिकिएको छ।

(१६) दफा ११६ को उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएका छन्:-

"(५) उपदफा (१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित कर रकममध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम, शुल्क र जरिबानाको पचास प्रतिशत रकम धरौटी वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम धरौटी रकम वा बैङ्क जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्नु पर्नेछ।"

(१७) <u>अनुसूची -१ मा संशोधन:</u> अनुसूची -१ को दफा १ को,-

(१) उपदफा (४) को खण्ड (ख) को प्रतिबन्धात्मक

वाक्यांशको उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा तीन सय पैसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको नि:सर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशत र तीन सय पैसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको नि:सर्गबाट प्राप्त लाभको हकमा सात दशमलव पाँच प्रतिशतका दरले कर लाग्नेछ।"

(२) उपदफा (९) पछि देहायको उपदफा (९क) थपिएको छः-

"(९क) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतिको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।

तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिम भन्दा बढी हुने छैन।"

(३) उपदफा (१६) पछि देहायको उपदफा (१६क) थपिएको छः-

"(१६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा

प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।"

(४) उपदफा (१७) को सट्टा देहायको उपदफा (१७) राखिएको छः-

"(१७) ऐनको दफा ४क. को उपदफा (४क) बमोजिम कारोबार रकमको कर गणना गर्दा तीस लाख रुपैयाँसम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सो भन्दा बढीको कारोबार रकममा देहाय बमोजिमको दरले कर लाग्नेछः-

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव दुई पाँच प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव तीन प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत

र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव आठ प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत।"

४१. **<u>भन्सार ऐन, २०६४ मा संशोधनः</u>** भन्सार ऐन, २०६४ को,-

(१) दफा १८ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) यस दफा बमोजिम पैठारी हुने मालवस्तुको प्रज्ञापनपत्र भरी पेश गर्दा मालवस्तुको प्रकृति अनुसार ब्राण्ड, मोडेल, आकार, नाप, एकाई, उत्पादक कम्पनी र मालवस्तुको पहिचान हुने यस्तै अन्य विवरण समेत उल्लेख गरी घोषणा गर्नु पर्नेछ।"

(२) दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः-

"३४. <u>जाँचपासपछि परीक्षण गर्न सकिने:</u> (१) निकासी वा पैठारी भएको मालवस्तुको सम्बन्धमा देहायका कुराहरु यकीन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद, बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछः-

(क) दफा १८ को उपदफा (७) बमोजिम मालवस्तु घोषणा गरे नगरेको,

(ख) घोषणा बमोजिम मालवस्तु भए नभएको,

(ग) मालवस्तुको भन्सार मूल्य यथार्थ भए नभएको,

(घ) मालवस्तुको वर्गीकरण उपशीर्षक ठीक भए नभएको,

(ङ) मालवस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानून बमोजिम बुझाउनु पर्ने महसुल बुझाए नबुझाएको,

(च) यस ऐन वा अन्य प्रचलित ऐन बमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु उद्देश्य बमोजिम प्रयोग भए नभएको र सम्बन्धित व्यक्तिले पैठारी गरे नगरेको,

(छ) मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्र, खरिद बीजक वा पैठारी सम्बन्धी अन्य कागजातमा उल्लेख गरेका नाप, आकार, एकाई र निजको खरिद खाता, बिक्री खाता, बिक्री बीजकमा उल्लेख गरिएका नाप, आकार र एकाईमा एकरुपता भए नभएको।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको भन्सार मूल्य फरक परेको वा

वस्तु वर्गीकरण उपशीर्षक फरक परेको वा प्रचलित कानून बमोजिम लाग्ने महसुल छुटेको कारणले कम महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी कम असुल भएको महसुल असुल गरी सोही महसुल बराबर जरिबाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासी वा पैठारी गरेको मालवस्तु घोषणा गरेको भन्दा भिन्न पाइएमा वा परिमाण घटी घोषणा गरेको पाइएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी फरक घोषणा वा परिमाण घटी गरे बापत लाग्ने महसुल असुल गरी दफा ५७ बमोजिम जरिबाना गर्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (क) बमोजिम घोषणा नगरी पैठारी गरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ।

तर मालवस्तुको प्रकृति अनुसार खुलाउन नसकिने किसिमका विवरण नखुलाएको आधारमा यस उपदफा बमोजिम जरिबाना गरिने छैन।

(५) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (च) बमोजिमको महसुल छुट सुविधा उद्देश्य विपरीत प्रयोग गरेको वा सम्बन्धित व्यक्तिले पैठारी नगरेको पाइएमा

महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (२०) बमोजिम जरिबाना गर्नेछ।

(६) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (छ) बमोजिम मालवस्तुको नाप, आकार र एकाईमा एकरुपता नभएको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिबाना गर्नेछ।

(७) यस दफा बमोजिम परीक्षण गर्दा महसुल वा जरिबाना असुल गर्नुपर्ने देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सोको जानकारी दिई सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम जानकारी प्राप्त गरेपछि सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र सफाई पेश गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम सफाई पेश भएमा सफाई पेश भएपछि वा सफाई पेश नभएमा सफाई पेश गर्ने म्याद नाघेपछि महानिर्देशक वा भन्सार परीक्षकले अन्तिम महसुल र जरिबाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सो बमोजिमको रकम दाखिला गर्ने आदेश दिनेछ। महसुल वा जरिबाना निर्धारण गर्नु पर्ने नदेखिएमा सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिए बमोजिमको रकम दाखिला गर्नु पर्नेछ। उक्त अवधिभित्र रकम दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिबाना दाखिला गर्ने आदेश दिएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज समेत गणना गरी असुल गरिनेछ।

(११) उपदफा (१०) बमोजिम बुझाउनु पर्ने रकम नबुझाएमा निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी लगायतका कारोबार तथा चल अचल सम्पत्ति रोक्का गरी महानिर्देशक वा भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल गर्नेछ।

(१२) उपदफा (११) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ।

(१३) महानिर्देशक वा भन्सार परीक्षकले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क वा वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ। त्यसरी माग गरिएको हिसाब, कर

विवरण, बीजक तथा कागजात उपलव्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(१४) उपदफा (१) बमोजिम परीक्षण गर्दा महानिर्देशक वा भन्सार परीक्षकले प्रमाण बुझ्न, सम्बन्धित व्यक्तिलाई बयान गराउन तथा लिखत, प्रमाण वा कागजात पेश गर्न लगाउन सक्नेछ।

(१५) उपदफा (१४) को प्रयोजनका लागि महानिर्देशक वा भन्सार परीक्षकले व्यक्तिगत वा सार्वजनिक रुपमा सूचना जारी गर्न सक्नेछ।

(१६) उपदफा (१५) बमोजिम जारी गरिएको सूचनाको म्यादभित्र उपस्थित नहुने वा माग भएबमोजिम लिखत, प्रमाण वा कागजात पेश नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा (१५क) बमोजिम जरिबाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोबार रोक्का गरी उपलव्ध भएसम्मका लिखत, प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ।

(१७) उपदफा (१६) बमोजिम परीक्षण गरिसकेपछि सो निकासीकर्ता वा पैठारीकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुनः परीक्षण गर्न सकिनेछ।

(१८) यस दफा बमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ।

तर कुनै निकासीकर्ता वा पैठारीकर्ताले झुट्टा लिखत वा कागजात तयार गरी प्रचलित कानून बमोजिम लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्षपछि समेत परीक्षण गर्न सक्नेछ।

(१९) यस दफा बमोजिम निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दिने सूचना वा म्याद वा सफाई पेश गर्ने सूचना वा महसुल र जरिबाना दाखिला गर्ने आदेश सम्बन्धित व्यक्तिको इमेल ठेगानामार्फत पठाउन सक्नेछ। त्यसरी इमेल ठेगानामा पठाइएको सूचना, जानकारी वा आदेश निजले प्राप्त गरेको मानिनेछ।"

(३) दफा ६२ को उपदफा (१) मा रहेका "दण्ड सजायको आदेश वा गरेको निर्णय वा" भन्ने शब्दहरु पछि "दफा ३४ बमोजिम महानिर्देशक वा भन्सार परीक्षकले महसुल वा जरिबानाको रकम दाखिला गर्न दिएको आदेश वा" भन्ने शब्दहरु थपिएका छन्।

(४) दफा ८९ख. को सट्टा देहायको दफा ८९ख. को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै पनि व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई मालवस्तु निकासी वा पैठारी गर्न पाइने छैन।

तर तोकिए बमोजिमको व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नलिई निकासी वा पैठारी गर्न सक्नेछ।"

(ख) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) निकासी वा पैठारी सङ्केत नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(५) दफा ८९घ. पछि देहायका दफा ८९ङ. र ८९च. थपिएका छन्:-

"८९ङ. <u>राष्ट्रिय एकद्वार प्रणालीबाट कार्य गर्न सकिने:</u> (१) नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न राष्ट्रिय एकद्वार प्रणाली (नेशनल सिङ्गल विण्डो) को विकास गरी कार्यान्वयनमा ल्याउन कुनै निकायलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निकाय नतोकिएसम्मको लागि राष्ट्रिय एकद्वार प्रणालीको कार्यान्वयन विभागले गर्नेछ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले विकास गरेको राष्ट्रिय एकद्वार प्रणालीमा निकासी वा पैठारीसँग सम्बन्धित निकायलाई आबद्ध गरिनेछ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध निकासी वा पैठारीसँग सम्बन्धित निकायले उपदफा (१) बमोजिमको प्रणालीमार्फत कार्य गर्नु पर्नेछ।

(५) राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८९च. <u>निकासी पैठारी गरिने मालवस्तुको आन्तरिक परिवहन:</u> (१) कुनै भन्सार कार्यालयमा आइपुगेको मालवस्तु सो कार्यालयबाट जाँचपास नगराई अर्को भन्सार कार्यालयमा लगी जाँचपास गराउन चाहेमा त्यस्तो मालवस्तु अर्को कुनै भन्सार कार्यालयसम्म लैजान आन्तरिक परिवहनको सुविधा दिन सकिनेछ।

(२) आन्तरिक परिवहन सम्वन्धी अन्य व्यवस्था नेपाल सरकार, अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। "

(६) दफा ९३ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) राष्ट्रिय एकद्वार प्रणाली सञ्चालन सम्बन्धी,"

४२. **<u>दूरसञ्चार ऐन, २०५३ मा संशोधनः</u>** दूरसञ्चार ऐन, २०५३ को दफा ४४ को उपदफा (४) मा रहेका "स्वीकृत वार्षिक कार्यक्रमको लागि छुट्याइएको रकम" भन्ने शब्दहरुको सट्टा "स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खर्च भएको रकम" भन्ने शब्दहरु र "असार २५ गतेभित्र" भन्ने शब्दहरुको सट्टा "साउन २५ गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

४३. **<u>बहाल रहने अवधिः यस ऐनको दफा</u>** २, ३, ४, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६ र ३७ बमोजिमका व्यवस्थाहरु संघीय ऐनबाट अन्यथा व्यवस्था भएकोमा बाहेक संवत् २०७९ साल असार मसान्तसम्म बहाल रहनेछन्।

४४. **ऐन संशोधन भएको मानिनेः** यस ऐनको दफा ३८, ३९, ४०, ४१ र ४२ बमोजिम भएको संशोधनलाई सम्बन्धित ऐनमा संशोधन भएको मानिनेछ।

४५. **आर्थिक अध्यादेश, २०७८ निष्क्रिय भएपछि त्यसको परिणामः** आर्थिक अध्यादेश, २०७८ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियतालेः-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र सो अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि सुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

१. **<u>भन्सार महसुलः</u>** (१) विदेशबाट नेपालभित्र पैठारी हुने मालवस्तुमा आर्थिक ऐन, २०७७ को अनुसूची-१ मा उल्लिखित शीर्षक, उपशीर्षक, मालवस्तुका विवरणहरू र अन्य व्यवस्थाहरूमा समेत देहाय बमोजिम संशोधन र थप गरी भन्सार महसुल दर लगाइएको छ। यसमा उल्लिखित संशोधन र थप बाहेकका परिच्छेद र भागका द्रष्टव्यहरू, शीर्षक, उपशीर्षकहरू, मालवस्तुका विवरणहरू र मालवस्तुको पैठारीका दरहरू समेत आर्थिक ऐन, २०७७ बमोजिम नै हुनेछन्।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा
१	२	३	४
०४.०२		**गाढा पारिएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको दूध र तर।**	
		-तौलमा नौनीको मात्रा १.५ प्रतिशत भन्दा कम भएको धुलो, दाना वा अन्य ठोस रुपमाः	
	०४०२.१०.२०	---बच्चाहरुलाई खानाको रुपमा खुवाउन मिल्ने दूध	२०
		-तौलमा नौनीको मात्रा १.५ प्रतिशत भन्दा बढी भएको धुलो,	

		दाना वा अन्य ठोस रुपमाः	
		--अन्यः	
	०४०२.२९.१०	---बच्चाहरुलाई खानाको रुपमा खुवाउन मिल्ने दूध	२०
०८.०४		**खजूर (छोहोडा), अँजीर, भुँइकटहर, एभोकाडो (नासपाती जस्तो फल), अम्बा, आँप, म्याङ्गोष्टीन, ताजा वा सुकेको।**	
		-खजूर (छोहोडा)ः	
	०८०४.१०.१०	---ताजा	१०
	०८०४.१०.२०	---सुकेको	१०
०९.०४		**सुकेको वा पिँधेको खुर्सानी र मरिच।**	
		-मरिचः	
		--नधुल्याएकोः	
	०९०४.११.४०	---टिमुर (सिचुवान पिपर)	२०
१५.११		**रासायनिक परिवर्तन नगरेको, प्रशोधन गरेको वा नगरेको ताड (खजूर) को तेल र तैलांश।**	
		-अन्यः	
	१५११.९०.१०	---रिफाइन्ड ब्लिच्ड डियोडोराइज्ड पाम आयल	१५
	१५११.९०.२०	---रिफाइन्ड ब्लिच्ड	१५

		डियोडोराइज्ड पामोलिन	
	१५११.९०.३०	---रिफाइन्ड ब्लिच्ड डियोडोराइज्ड पाम स्टेरिन	१५
	१५११.९०.९०	---अन्य	१५
१८.०६		**चक्लेट र अरु कोको मिसिएका खाद्य पदार्थहरु।**	
	१८०६.१०.००	-कोकोको धुलो, चिनी वा गुलियो पदार्थ हालेको	४०
	१८०६.२०.००	-२ केजी भन्दा बढी तौलको ढिका (ब्लौक वा स्ल्याव) वा डण्डी (बार) को रुपमा रहेका अन्य परिकार, तरल, माँडा, धुलो, दानादार वा अन्य थुप्रो (बल्क) को रुपमा भाँडोमा हालिएको वा तुरुन्त वेष्ठन गरिएको (इमिडियट प्याकिङ्ग) मा २ केजी भन्दा बढी भएको	४०
		-अन्य, ढिका, चाका र डण्डीको रुपमाः	
	१८०६.३१.००	--भरिएको	४०
	१८०६.३२.००	--नभरिएको	४०
		-अन्यः	
	१८०६.९०.१०	---पूर्णतः निःस्नेहित (डिफ्याटेड) आधार (बेसिस) मा गणना गरिदा तौलमा कोकोको मात्रा ६ प्रतिशत	४०

		भन्दा बढी भएको वा ६ प्रतिशत नभएपनि पूर्णरुपमा चकलेटले बाहिरपट्टि लेपित (कोटेड) गरिएको शीर्षक १९.०४ का उत्पादनहरु	
	१८०६.९०.९०	---अन्य	४०
२१.०६		**अन्यत्र नपरेको खाद्य पदार्थ।**	
		-अन्यः	
		--अन्यः	
	२१०६.९०.९४	----सोयाबडी मस्यौरा	३०
	२१०६.९०.९५	----गम बेस	३०
२२.०१		**चिनी वा अन्य गुलियो पदार्थ नहालेको वा सुवास आउने वा सुरुचिकारक पदार्थ नहालेको पानी, प्राकृतिक र कृत्रिम खनिज पानी र वायु प्रवाहित पानी (एरिटेड वाटर) समेत; वरफ एवं हिउँ।**	
		-खनिज पानी (मिनेरल वाटर) र वायु प्रवाहित पानी (एरिटेड वाटर):	
	२२०१.१०.१०	---खनिज पानी (मिनेरल वाटर)	४०
	२२०१.१०.२०	---वायु प्रवाहित पानी (एरिटेड वाटर)	४०
	२२०१.१०.९०	---अन्य	४०

२७.१०		**कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरु (प्रिपरेसन्स); रद्दी तेलहरु (वेष्ट आयल्स)।**	
		--अन्यः	
		---अन्यः	
	२७१०.१९.९६	----लिक्विड प्याराफिन आयल	३०
२८.०४		**हाइड्रोजन, दुर्लभ ग्याँसहरु र अन्य गैर धातुहरु।**	
		-अक्सिजनः	
	२८०४.४०.१०	---मेडिकल ग्रेड	५
	२८०४.४०.९०	---अन्य	५
३३.०४		**सौन्दर्य वा रुप-सज्जा (मेक-अप) का सामानहरु (औषधि बाहेकको), छालाको सुरक्षाको लागि प्रयोग गरिने वस्तुहरु; घाम छल्ने वा घामद्वारा (छाला) रङ्गाउने (सनट्यान) सामानहरु**	

		समेत; हात र नङ प्रशाधनहरु (मेनिक्योर) वा गोडाको उपचार सम्बन्धी (पेडिक्योर) सामानहरु।		
		-हात गोडाका नङ उपचार सम्बन्धी प्रशाधनहरुः		
	३३०४.३०.१०	---नङपोलिस	१५	
	३३०४.३०.९०	---अन्य	१५	
		-अन्यः		
		--अन्यः		
	३३०४.९९.५०	---छालाको सुरक्षाको लागि प्रयोग गरिने खुद्रा बिक्री प्याकमा रहेको पेट्रोलियम जेली	१५	
३८.०८		**कीटनाशक, कृतकान्तक, ढुसीनाशक, झारपातनाशक, अंकुरणरोधी (ऐन्टिस्प्राउटिङ्ग), उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामक र त्यस्तै उत्पादनहरु, खुद्रा बिक्रीका लागि आकार वा पुलिन्दा (प्याकिङ्ग) मा राखिएको वा तयारी सामान (प्रिपेरेशन) वा वस्तु (आर्टिकल) को रुपमा राखिएको (जस्तै, गन्धक उपचार गरेका धागो (ब्याण्ड), सलेदो (विक्स) तथा मैनबत्ती, र झिङ्गा फसाउने कागज (फ्लाइपेपर्स)**		

		हरु)।		
		--अन्यः		
		--- कृतकान्तकः		
	३८०८.९९.११	----मुसानाशक उत्पादन	५	
	३८०८.९९.१९	----अन्य	५	
	३८०८.९९.९०	---अन्य	५	
३८.२४		**ढलाइघर (फाउण्ड्री) को लागि ढलाइको साँचोहरु (माउल्ड्स) वा आन्तरिक साँचोहरु (कोर्स) निमित्तका विरचित (प्रिपेयर्ड) योजक द्रब्य (बाइण्डर्स) अन्यत्र उल्लेख वा समावेश नभएका, रासायनिक वा समवर्गी उद्योगहरुका रासायनिक उत्पादनहरु तथा विरचनहरु (प्रिपरेसन्स) (प्राकृतिक उत्पादनका मिश्रण समावेश भएका त्यस्ता वस्तुहरु समेत)।**		
		-अन्यः		
		--अन्यः		
	३८२४.९९.२०	---मृगौला विरामीको उपचारमा प्रयोग हुने ठोस वा तरल डायलाइसिस वाथ कन्सन्ट्रेट	१	
३९.२१		**प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फ्वाइलहरु र**		

		स्ट्रीपहरु।	
		-अन्यः	
		---मुद्रण गरिएकोः	
	३९२१.९०.११	----सनमाइका र फरमाइका जस्ता डेकोरेटिभ लेमिनेट सिट्स	२०
	३९२१.९०.१९	----अन्य	२०
		---अन्यः	
	३९२१.९०.९२	----सनमाइका र फरमाइका जस्ता डेकोरेटिभ लेमिनेट सिट्स	२०
३९.२४		**प्लाष्टिकका भोजनपात्रहरु (टेवुल वेयर), भान्साका पाक उपकरणहरु (किचेन वेयर), अन्य घरायसी सामानहरु र सरसफाई सम्बन्धी (हाइजेनिक) वा शौच र श्रृङ्गार (ट्वाइलेट) का सामानहरु।**	
		-अन्यः	
	३९२४.९०.१०	---कुखुरालाई दाना तथा पानी खुवाउने विशेष प्रकारको भाँडा	३०
	३९२४.९०.९०	---अन्य	३०
३९.२५		**अन्यत्र नपरेको प्लाष्टिकका निर्माण अवयवहरु (विल्डर्स वेयर)।**	
		-अन्यः	

	३९२५.९०.३०	---अलुमिनियम कम्पोजिट प्यानल	३०
३९.२६		**प्लाष्टिकका अन्य सामग्रीहरु र शीर्षक ३९.०१ देखि ३९.१४ सम्मका अन्य पदार्थहरुका सामानहरु।**	
		-अन्यः	
		---अन्यः	
	३९२६.९०.९५	----प्लाष्टिकको कृत्रिम घाँसको टर्फ	३०
४०.१२		**पादन्यास फेरिएको (रिट्रिडेड्) वा प्रयोग गरिएका (युज्ड) हावादार (न्यूम्याटिक) रबरका पाङ्ग्राहरु; (रबरका ठोस (सोलिड) वा गद्दादार (कुसन) पाङ्ग्राहरु, पाङ्ग्रा (टायर) का पदन्यास (ट्रिड्स) हरु, पाङ्ग्राहरुका आवरक (फ्लैप्स) हरु।**	
	४०१२.२०.००	-प्रयोग गरिएका (यूज्ड) हावादार (न्यूम्याटिक) पाङ्ग्रा (टायर) हरु	१०
५१.०८		**खुद्रा बिक्रीको लागि नराखेको जीवजन्तुको मसिनो रौं को धागो (फड्केको वा कोरेको)।**	
		-फड्केकोः	
	५१०८.१०.२०	---ब्लेण्डेड प्रोटिन फाईवर यार्न	१
		-कोरेकोः	

	५१०८.२०.२०	---ब्लेण्डेड प्रोटिन फाईवर यार्न	१
६२.१२		**गाँठो पारी बुनेको वा नबुनेको वा एउटै हुकले बुनेको वा नबुनेको ब्रेसियरहरु (भित्री चोली), गर्डल्स (पेटी, मेखला), कोर्सलेट्स (चोलीको पेटी), ब्रेसेस (ब्रेसियर कस्ने फिता), सस्पेण्ड्स (इंजार पेटीहरु), गार्टर्स (इंजार बाध्ने) र यस्तै वस्तुहरु र तिनका (अङ्गहरु।**	
		-अन्यः	
	६२१२.९०.१०	---पेटमा बाँध्ने पेटी, निक्याप, एङ्कलेट, रिस्टवैण्ड, वेस्टवैण्ड जस्ता वस्तुहरु	५
६३.०२		**ओछ्याउने तन्ना, टेबुलपोश, स्नानागारका कपडा (तौलिया) र भान्सामा प्रयोग हुने रुमाल (बेड लिनेन, टेवुल लिनेन, ट्वाइलेट लिनेन र किचेन लिनेन)।**	
		-गाँठो पारी बुनेको (निटेड्) वा एउटै हुकले बुनेको (क्रोशिड्) ओछ्याउने तन्ना (बेड लिनेन):	
	६३०२.१०.१०	---तकियाको कभर	१५
	६३०२.१०.९०	---अन्य	१५
		-छापिएको अन्य ओछ्याउने तन्नाः	

		--सुतीकोः	
	६३०२.२१.१०	---तकियाको कभर	१५
	६३०२.२१.९०	---अन्य	१५
		--मानव निर्मित रेशाहरुकोः	
	६३०२.२२.१०	---तकियाको कभर	१५
	६३०२.२२.**९०**	---अन्य	१५
		--अन्य कपडा पदार्थकोः	
	६३०२.२९.१०	---तकियाको कभर	१५
	६३०२.२९.९०	---अन्य	१५
		-अन्य ओछ्याउने तन्नाः	
		--सुतीको	
	६३०२.३१.१०	---तकियाको कभर	१५
	६३०२.३१.९०	---अन्य	१५
		--मानव निर्मित रेशाहरुकोः	
	६३०२.३२.१०	---तकियाको कभर	१५
	६३०२.३२.९०	---अन्य	१५
		--अन्य कपडा पदार्थकोः	
	६३०२.३९.१०	---तकियाको कभर	१५
	६३०२.३९.९०	---अन्य	१५
६३.०४		**शीर्षक ९४.०४ बाहेकका अन्य सजाउने (फर्निसिङ्ग) सामानहरु।**	

		-अन्यः	
		--सलाइले गाँठो पारी नबुनेको (नौट निटेड्) वा एउटै कुरुसको हुकले नबुनेको (नौट क्रोशिड्) सूतीको (क्रोशिड्):	
	६३०४.९२.१०	---कुसन कभर	१५
	६३०४.९२.९०	---अन्य	१५
		--सलाइले गाँठो पारी नबुनेको वा एउटै कुरुसको हुकले नबुनेको, संश्लेषित रेशाहरुकोः	
	६३०४.९३.१०	---कुसन कभर	१५
	६३०४.९३.९०	---अन्य	१५
		--सलाइले गाँठो पारी नबुनेको वा एउटै कुरुसको हुकले नबुनेको, अन्य कपडा पदार्थको:	
	६३०४.९९.१०	---कुसन कभर	१५
	६३०४.९९.९०	---अन्य	१५
६७.०२		**कृत्रिम फूलहरु, पल्लव (फोलिएज) र फल र तिनका भागहरु (पार्टस); कृत्रिम फूलहरु, पल्लव र फलबाट बनेका वस्तुहरु।**	
		-अन्य पदार्थकोः	
	६७०२.९०.१०	---जमोठ (फेल्ट) को	२०

	६७०२.९०.९०	---अन्य	२०
६८.०८		**सिमेण्टी, प्लाष्टर वा अन्य जोड्ने खनिज पदार्थद्वारा एकत्रित भएका वनस्पति रेशा, परालका रेशा, काठ रण्डा लगाउँदा आउने काठको धुलो र टुक्रा काठको अवशेष (काठको धुलो समेत) बाट बनेका संघार, फल्याक, झिंगटी, चौकोस र यस्तै प्रकारका सामानहरु।**	
	६८०८.००.१०	---काठको धुलो, सिमेण्ट र विभिन्न वाइण्डिङ केमिकल्स मिश्रण गरी बनेको विभिन्न मोटाईका बोर्डहरु	२०
	६८०८.००.९०	---अन्य	२०
६८.१०		**मजबूत गरिएको वा नगरिएको सिमेण्ट कंक्रिट वा कृत्रिम ढुङ्गाका सामानहरु।**	
		-झिंगटीहरु, फल्यागस्टोनहरु, ईंटाहरु यस्तै सामानहरुः	
		--निर्माणका चौकोस (ब्लक) र ईंटाहरुः	
	६८१०.११.१०	---अटोक्लेभ्ड एरेटेड कंक्रिट चौकोस (ए. ए. सी. ब्लक)	२०
	६८१०.११.९०	---अन्य	२०
		--अन्यः	

	६८१०.१९.१०	---अनफायर्ड मोडिफाइड क्ले मेटेरियल (एम.सि.एम.) ट्राभरटिन र यस्तै उत्पादनहरु	३०
	६८१०.१९.९०	---अन्य	१५
६८.१३		**अश्मतन्तु (एसवेस्टस), अन्य खनिज तत्वहरु वा सेल्यूलोजका आधारका, कपडा वा अन्य पदार्थका साथ समायोजन (कम्वाइन) भए वा नभएका ब्रेक, क्लच र यस्तै सामानहरुका लागि, जडान नभएका (नौट माउण्टेड) घर्षण पदार्थ वा तिनका सामानहरु (जस्तै, चादर, रौल, पाटा (स्ट्रिप), खण्ड (सेग्मेण्ट), चक्का (डिस्क), वासर्स, प्याडहरु)।**	
		-अश्मतन्तु (एसवेस्टस) भएका:	
	६८१३.२०.१०	---ब्रेक लाइनिङ्ग र प्याडहरु	१५
	६८१३.२०.९०	---अन्य	१५
७३.११		**फलाम वा इस्पातको संपिडित वा तरलीकृत (कम्प्रेस्ड वा लिक्वीफाइड्) ग्याँस हाल्ने आधानपात्रहरु।**	
	७३११.००.१०	---अक्सिजन राख्ने सिलिण्डर, ट्याङ्क र यस्तै वस्तुहरु	१५
	७३११.००.२०	---एल.पि. ग्याँस सिलिण्डर	१५

	७३११.००.९०	---अन्य	१५
७६.१३		**संपीडित वा तरलीकृत ग्याँसको लागि अलुमिनियमका आधान-पात्रहरु।**	
	७६१३.००.१०	---अक्सिजन राख्ने सिलिण्डर, ट्याङ्क र यस्तै वस्तुहरु	१५
	७६१३.००.२०	---नाइट्रोजन राख्ने कन्टेनर	१५
	७६१३.००.९०	---अन्य	१५
८४.१४		**हावादार पम्प वा भ्याकुम पम्प, हावा वा अन्य ग्याँस संपीडित्रहरु कम्प्रेसर) र पङ्खाहरु; फिल्टर जडेको वा नजडेको पङ्खा समाविष्ट भएको भेन्टिलेटिङ्ग (बायु सञ्चार) का वा रिसाइक्लिङ हुडहरु।**	
		-पङ्खाहरुः	
	८४१४.५१.००	--१२५ वाटसम्म उत्पादन गर्ने विद्युत्चालक (इलेक्ट्रिक मोटर) आफैमा भएको टेवुल, भुईं, भित्ता, झ्याल, अन्तश्छद (सिलिङ) वा छानाका पङ्खाहरु	१०
	८४१४.५९.००	--अन्य	१०
	८४१४.९०.००	-पार्टपुर्जाहरु	१०
८४.१८		**रेफ्रिजरेटर, फ्रिजर, अन्य प्रशीतक (रेफ्रिजरेटिङ) वा हिमीकरण (फ्रिजिङ्ग) उपकरणहरु, वैद्युतिक**	

		वा अन्य; शीर्षक ८४.१५ को वातानुकुलन यन्त्र (एयर-कण्डिशनिङ्ग मशीन) बाहेक ताप पम्प (हिट पम्प)।	
	८४१८.१०.००	-छुट्टै बाहिरी ढोका (एक्स्टर्नल डोर) जडान भएको संयुक्त रेफ्रिजरेटर-फ्रिजरहरु	१५
		-घरायसी किसिमको, रेफ्रिजरेटरहरुः	
	८४१८.२१.००	--संपीडन किसिमको (कम्प्रेशन-टाइप)	१५
	८४१८.२९.००	--अन्य	१५
	८४१८.३०.००	-८०० लिटर भन्दा कम क्षमताको, संदुस किसिमको (चेष्ट टाइप)	१५
	८४१८.४०.००	-९०० लिटर भन्दा कम क्षमताको, ठाडो किसिमको (अपराइट टाइप)	१५
	८४१८.५०.००	-सञ्चय र प्रदर्शनका लागि अन्य फर्निचर सन्दुकहरु (चेष्ट्स), पिटारीहरु (क्याविनेटस्), प्रदर्शन फलकहरु (डिस्प्ले काउण्टर्स), प्रदर्शन मञ्जुषा (शो-केसेस), र यस्तै सामानहरु, प्रशीतक (रेफ्रिजरेटिङ) वा हिमीकरण (फ्रिजिङ्ग) उपकरणहरु समावेश	१५

		भएका	
८४.२१		**अपकेन्द्रित्र (सेन्ट्रिफ्यूजेज), अपकेन्द्रण शोषक (सेण्ट्रिफ्यूगल ड्रायर्स) समेत; तरल र ग्याँस निमित्तका निस्पन्दन (फिल्टरिङ्ग) वा परिशोधन (प्यूरिफाइङ्ग) यन्त्रावली (मेसिनरी) र उपकरणहरु (एपरेटर्स)।**	
		--अन्यः	
	८४२१.३९.१०	---मेडिकल ग्रेड अक्सिजनका लागि प्रेसर स्वीङ्ग एडसोप्स्र्न अक्सिजन प्लाण्ट र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन प्लाण्ट	५
	८४२१.३९.९०	---अन्य	५
८४.२२		**थाल, थाली, तश्तरी सफा गर्ने यन्त्रहरु (डिस वाशिङ्ग मेशिन्स); बोटल वा अन्य आधानपात्र (कण्टेनरहरु) सफा गर्ने (क्लिनिङ्ग) वा सुकाउने (ड्राइङ्ग) यन्त्रावली (मेसिनरी); बोटलहरु, बट्टाहरु (क्यान्स) डिब्बाहरु (बौक्सेस), झोलाहरु (ब्याग्स) वा अन्य आधान पात्रहरु (कण्टेनर्स) भर्न (फिलिङ्ग), बन्द गर्न (क्लोजिङ्ग), मुखवन्द गर्न वा सिलवन्दी गर्न (सिलिङ्ग) वा नामपत्र (लेवल) लगाउन**	

		(लेबेलिङ्ग) निमित्तका यन्त्रावली; बोटलहरु, जारहरु, नलिका (ट्यूब) हरु र यस्तै आधानपात्र (कण्टेनर) हरु संपुटन (क्याप्सुलिङ्ग) गर्न निमित्त का यन्त्रावली; अन्य परिवेष्ठन (प्याकिङ्ग) वा आवृत (रयापिङ्ग) गर्ने यन्त्रावली (ताप-आकुंचन आवृन्तन यन्त्र (हिट स्रिङ्क रयापिङ्ग मेसिनरी) समेत); पेय पदार्थ (विभरेज) लाई बायुमिश्रण (एयरेटिङ्ग) गर्न निमित्तका यन्त्रावली।	
		-थाल, थाली तश्तरी सफा गर्ने यन्त्रहरु (डिश वाशिङ्ग मशिन्स):	
	८४२२.११.००	--घरायसी प्रयोगमा आउने किसिमको	२०
८४.४९		**टुक्रा (थान) (इन द पिस) वा आकृतिमा (इन शेप्स) भएका जमोठ (फेल्ट) वा ननवुभेन्सको निर्माण (म्यानुफ्याक्चर) वा परिष्करण (फिनिशिङ्ग) निमित्तका यन्त्रावली (मेसिनरी), फेल्ट ह्याट्स बनाउनको लागि चाहिने यन्त्रावली समेत; ह्याटहरु बनाउनको लागि ब्लौकहरु।**	
	८४४९.००.२०	---अन्य मेशिन	५

	८४४९.००.९०	---पार्टपुर्जा	५
८४.५०		**घरायसी (हाउस होल्ड) वा धोवीखाना (लाउण्ड्री) किसिम (टाइप) को लुगा धुने यन्त्र (वाशिङ्ग मेशीन), लुगा धुने र सुकाउने दुवै थरी भएका यन्त्रहरु समेत।**	
		-प्रत्येकको सुख्खा कपडा क्षमता (ड्राइ लिनेन क्यापासिटी) १० के.जी. भन्दा बढी नभएका यन्त्रहरु (मशिन्स):	
	८४५०.११.००	--पूर्णतः स्वयंचालित यन्त्रहरु (अटोम्याटिक मशिन्स)	२०
	८४५०.१२.००	--अपकेन्द्रीय शोषक समाविष्ट (विथ बिल्ट-इन सेण्ट्रीफ्यूगल ड्रायर) अन्य यन्त्रहरु	२०
	८४५०.१९.००	--अन्य	२०
	८४५०.२०.००	-प्रत्येकको सुख्खा कपडा क्षमता (ड्राइ लिनेन क्यापासिटी) १० के.जी. भन्दा बढी भएका यन्त्रहरु	२०
८४.७२		**अन्य कार्यालय यन्त्रहरु (अफिस मशिन्स) (उदाहरणतः हेक्टोग्राफ वा स्टेन्सिल डुप्लिकेटिङ्ग मेसिनहरु, एड्रेसिङ्ग मेसिनहरु, अटोम्याटिक ब्याङ्क नोट डिस्पेन्सरहरु, क्वाइन सौर्टिङ्ग**	

		मेसिनहरु (मुद्रा छाँट्ने यन्त्र), क्वाइन काउण्टिङ्ग वा च्यापिङ्ग मेसिनहरु, पेन्सिल शार्पेनिङ्ग मेसिनहरु, परफोरेटिङ्ग वा स्टयाप्लिङ्ग मेसिनहरु)।	
		-अन्यः	
	८४७२.९०.१०	---अटोमेटिक टेलर मेशिन	माफी
	८४७२.९०.२०	---अटोम्याटिक ब्याङ्क नोट डिस्पेन्सरहरु	माफी
	८४७२.९०.३०	---परफोरेटिङ्ग मेसिनहरु	माफी
	८४७२.९०.४०	---स्टयाप्लिङ्ग मेसिनहरु	माफी
	८४७२.९०.९०	---अन्य	माफी
८४.७९		**यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, व्यक्तिगत कार्य इनडिभिजुअल फङ्क्सन्स) भएका यन्त्रहरु र यान्त्रिक साधित्रहरु (मेकानिकल अप्लायन्सेस)।**	
		-अन्य यन्त्रहरु र यान्त्रिक उपकरणहरुः	
		--अन्यः	
		---अन्यः	
	८४७९.८९.९१	----एयर ह्युमिडिफायर र डिह्युमिडिफायर	माफी

	८४७९.८९.९९	----अन्य	माफी
८४.८१		**नल (पाइप) हरु, वाष्पित्र वा ब्वायलरको वाह्यावरण (ब्वायलर शेल), जलाशय (टैङ्कस्), भ्याटहरु वा यस्तै वस्तुहरुको लागि टुटीहरु (ट्याप्स, कौक्स), भल्भहरु र यस्तै उपकरणहरु, प्रेसर रिड्यूसिङ्ग भल्भ र ताप स्थैतिकीय ढंगले नियन्त्रित (थर्मोस्टाटिकली कण्ट्रोल्ड) भल्भहरु समेत।**	
		-अन्य उपकरणहरु (अप्लायन्सेस):	
	८४८१.८०.२०	---अक्सिजन सिलिण्डरको भल्भ	१०
८५.०४		**विद्युतका ट्रान्सफर्मरहरु, स्ट्याटिक कन्भर्टर्स (जस्तै-रेक्टीफायर) र इन्डक्टर।**	
		-स्ट्याटिक कन्भर्टरः	
	८५०४.४०.२०	---मोवाइल फोनको चार्जर	१५
८५.०९		**स्वचालित विद्युत मोटरयुक्त विद्युत यान्त्रिक घरेलु उपकरणहरु, शीर्षक ८५.०८ का निर्वात मार्जनीहरु बाहेक।**	
	८५०९.४०.००	-खानेकुरा पिँध्ने र मिसाउने (फुड ग्राइण्डर र मिक्सर्स); फलफूल वा वनस्पतिको रस झिक्ने (जूस एक्स्ट्रयाक्टर)	१०

	८५०९.८०.००	-अन्य उपकरणहरु	१०
	८५०९.९०.००	-पार्टपुर्जाहरु	१०
८५.१४		**उद्योगका वा प्रयोगशालाका वैद्युतिक भट्टीहरु तथा चुल्हाहरु (इण्डक्सन वा परावैद्युत संक्षय (डाइइलेक्ट्रिक लौस) द्वारा काम गर्नेहरु समेत); इण्डक्सन (दुई वस्तु वा परिपथ (सर्किट) बीच बिना स्पर्श विद्युत वा चुम्वकत्व संक्रान्त (पास) गर्ने वा हुने प्रक्रिया) वा परावैद्युत संक्षय (डाइइलेक्ट्रिक लौस) द्वारा वस्तुहरुको तापोपचार (हिट ट्रिटमेण्ट) गर्न निमित्तका अन्य औद्योगिक वा प्रयोगशाला सम्बन्धी (लेवोरेटरी) उपकरणहरु (इक्वीपमेण्ट्स)।**	
		-अन्य भट्टी र चुलोहरुः	
	८५१४.३०.१०	---शवदाह मेसिन	माफी
	८५१४.३०.९०	---अन्य	माफी
८५.१६		**विद्युत तत्काल तातेर आउने (इन्स्टान्टेनियस) वा स्टोरेज र निमज्जन हिटर (इमर्सन हिटर); कोठा तताउने उपकरणहरु (इलेक्ट्रिक स्पेस हिटिङ्ग एपरेटस) र माटो तताउने उपकरणहरु;**	

		बिजुलीले तातो पारेर कपाल सजाउने उपकरणहरु (जस्तै-हेयर ड्रायर, हेयर कर्लर, कर्लिङ्ग टङ्ग हिटर) र हात सुकाउने उपकरण; बिजुलीको चिल्लो पार्ने इस्त्रीहरु; घर ब्यवहारमा प्रयोग गरिने बिजुलीले तातो पार्ने अन्य उपकरणहरु; शीर्षक ८५.४५ बाहेकको विद्युत ताप प्रतिरोधक उपकरणहरु।	
	८५१६.१०.००	-इलेक्ट्रिक इन्स्टान्टेनियस वा स्टोरेज पानी तताउने हिटरहरु र इमर्सन हिटरहरु	१०
		-इलेक्ट्रिक स्पेस हिटिङ्ग उपकरण (कोठा तताउने विद्युत उपकरणहरु) र विद्युतको माटो तताउने उपकरणहरुः	
	८५१६.२१.००	--स्टोरेज हिटिङ रेडिएटर	१०
	८५१६.२९.००	--अन्य	१०
		-तातो पारेर कपाल सजाउने विजुलीको उपकरणहरु र हातले तताएर चलाउने उपकरणहरुः	
	८५१६.३१.००	--हेयर ड्रायर	१०
	८५१६.३२.००	--अन्य हेयर ड्रेसिङ्ग उपकरणहरु	१०
	८५१६.३३.००	--हातले ड्राइ गर्ने उपकरणहरु	१०

	८५१६.४०.००	-चिल्लो पार्ने विद्युतबाट चल्ने इस्त्री	१०
	८५१६.५०.००	-माइक्रोवेभ ओभनहरु	१०
		-अन्य चुल्होहरु (ओभन), पकाउने भाँडा (कुकर), पकाउने प्लेट (कुकिङ प्लेट), उमाल्ने रिङ (ब्वाइलिङ रिङ), ग्रिलर र रोष्टरः	
		---विद्युतीय चुल्होहरुः	
	८५१६.६०.११	----इन्डक्सन चुल्हो	१
	८५१६.६०.१२	----इन्फ्रारेड चुल्हो	१
	८५१६.६०.१९	----अन्य	५
	८५१६.६०.२०	---राइसकुकर	१०
	८५१६.६०.३०	---केटली, जग जस्ता पानी तताउने भाँडा	१०
	८५१६.६०.९०	---अन्य	१०
		-अन्य विद्युत तापक (इलेक्ट्रो-थर्मिक) उपकरणहरुः	
	८५१६.७१.००	--कफी वा चीया बनाउने	१०
	८५१६.७२.००	--टोष्टरहरु	१०
		--अन्यः	
	८५१६.७९.१०	---किरा मार्ने ट्रयाप	१०
	८५१६.७९.९०	---अन्य	१०

	८५१६.८०.००	-इलेक्ट्रिक हिटिङ रेसिष्टर्स	१०
८५.२३		**डिस्कहरु, टेपहरु, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) सञ्चय उपकरणहरु, "स्मार्ट कार्डहरु" र ध्वनि वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरु र माष्टरहरु, तर भाग ३७ का उत्पादनहरु बाहेक।**	
		-चाक्षुषीय (अप्टिकल) माध्यमः	
		--अन्य	
	८५२३.४९.१०	---सफ्टवेयर भएका	माफी
	८५२३.४९.९०	---अन्य	माफी
	८५२३.८०.००	-अन्य	माफी
८५.२५		**संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोडयूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण**	

		उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरु; डिजिटल क्यामराहरु र भिडियो क्यामरा-रिकर्डर्स।	
		-टेलिभिजन क्यामराहरु, डिजिटल क्यामराहरु र भिडियो क्यामरा रेकर्डरहरु (भिडियो क्यामरा रेकर्डर्स)	
	८५२५.८०.१०	---टेलिभिजन क्यामराहरु	माफी
	८५२५.८०.२०	---डिजिटल क्यामराहरु	माफी
	८५२५.८०.३०	---भिडियो क्यामरा रेकर्डरहरु	माफी
	८५२५.८०.९०	---अन्य	माफी
८७.०२		**ड्राइभर समेत १० वा सो भन्दा बढी यात्रुहरु बोक्ने मोटर गाडीहरु।**	
		-धक्का दिने विद्युतीय मोटर मात्र भएका:	
		---जीप, कार र भ्यानहरु:	
	८७०२.४०.४१	----अनएसेम्वल अवस्थाका	१०
	८७०२.४०.४९	----अन्य	१०
८७.०३		**मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत।**	
		-अन्य गाडीहरू, धक्का दिने विद्युतीय	

		मोटर मात्र भएकोः	
		---तीन पाङ्ग्रे गाडीहरुः	
	८७०३.८०.११	----अनएसेम्वल अवस्थाका	१०
	८७०३.८०.१९	----अन्य	१०
		---मोटरको पिकपावर १०० किलोवाट सम्मको कार, जीप र भ्यानः	
	८७०३.८०.२१	----अनएसेम्वल अवस्थाको	१०
	८७०३.८०.२९	----अन्य	१०
		---मोटरको पिकपावर १०० किलोवाट भन्दा बढीको तर २०० किलोवाट ननाघेको कार, जीप र भ्यानः	
	८७०३.८०.५१	----अनएसेम्वल अवस्थाको	१५
	८७०३.८०.५९	----अन्य	१५
		---मोटरको पिकपावर २०० किलोवाट भन्दा बढीको तर ३०० किलोवाट ननाघेको कार, जीप र भ्यानः	
	८७०३.८०.६१	----अनएसेम्वल अवस्थाको	३०
	८७०३.८०.६९	----अन्य	३०
		---मोटरको पिकपावर ३०० किलोवाट भन्दा बढीको कार, जीप र भ्यानः	
	८७०३.८०.७१	----अनएसेम्वल अवस्थाको	४०
	८७०३.८०.७९	----अन्य	४०

		---अन्यः	
	८७०३.८०.९१	----अनएसेम्वल अवस्थाको	४०
	८७०३.८०.९९	----अन्य	४०
८७.०४		**वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरु।**	
		-अन्य, कम्प्रेसन इग्निसन इन्टरनल कम्बसन पिष्टोन इन्जिन (डीजेल वा अर्ध डिजेल) भएकाः	
		--बाहनको कुल तौल (जी. भी. डब्लु.) ५ टन ननाघेकोः	
	८७०४.२१.५०	---प्रशितक प्रणाली (रेफ्रिजरेटिङ्ग सिष्टम) जडान गरिएको	१
		--बाहनको कुल तौल (जी. भी. डब्लु) ५ टन नाघेकोः	
		---अन्यः	
	८७०४.२२.९६	----प्रशितक प्रणाली (रेफ्रिजरेटिङ्ग सिष्टम) जडान गरिएको	१
		-अन्यः	
	८७०४.९०.२०	---धक्का दिने विद्युतीय मोटर मात्र भएको तीन पाङ्ग्रे गाडी	१०
	८७०४.९०.३०	---धक्का दिने विद्युतीय मोटर मात्र भएको चार पाङ्ग्रे गाडी	१०
	८७०४.९०.४०	---धक्का दिने विद्युतीय मोटर मात्र भएको अन्य गाडी	१०

८७.११		**मोटरसाइकलहरु (मोपेड सहित) र साइड कार रहित वा सहित साइकलमा सहायक मोटर जडान गरेको साइडकारहरु ।**	
		-सिलिण्डर क्षमता ५० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको रेसिप्रोकेटिङ इन्टरनल कम्बसन पिष्टोन इन्जिन भएकाः	
		---अनएसेम्वल्ड अवस्थाकाः	
	८७११.२०.११	----५० सी.सी. नाघेको तर १२५ सी.सी. ननाघेको	३०
	८७११.२०.१२	----१२५ सी.सी. नाघेको तर २०० सी.सी. ननाघेको	३०
	८७११.२०.१९	----२०० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको	३०
		---अन्यः	
	८७११.२०.९१	----५० सी.सी. नाघेको तर १२५ सी.सी. ननाघेको	३०
	८७११.२०.९२	----१२५ सी.सी. नाघेको तर २०० सी.सी. ननाघेको	३०
	८७११.२०.९९	----२०० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको	३०
८७.१५		**केटाकेटीको बाहन र त्यसका पार्टपुर्जाहरु।**	

	८७१५.००.१०	---स्ट्रोलर	५
	८७१५.००.२०	---केटाकेटीको अन्य वाहन	५
	८७१५.००.९०	---पार्टपुर्जाहरु	५
९०.१८		**औषधोपचार, शल्यचिकित्सा, दन्तोपचार वा पशुविज्ञानमा प्रयोग हुने औजार र उपकरण, साइन्टीग्राफिक उपकरणहरु, अन्य विद्युतोपचारका उपकरणहरु र दृष्टि परीक्षणका औजारहरु।**	
		--अन्यः	
	९०१८.१९.१०	---पल्स अक्सिमीटर	५
	९०१८.१९.२०	---आई.सि.यु. मनिटर	५
	९०१८.१९.९०	---अन्य	५
		-अन्य औजार र उपकरणहरुः	
	९०१८.९०.१०	---स्टेथोस्कोप	५
	९०१८.९०.२०	---रगत राख्ने प्लाष्टिकका थैला	५
	९०१८.९०.३०	---पि.सि.आर. मेसिन	५
	९०१८.९०.९०	---अन्य	५
९०.१९		**यान्त्रिक उपचार (थेरापी) का उपकरणहरु; मसाजका उपकरणहरु; मनोवैज्ञानिक अभिरुचीमापक उपकरणहरु; ओजोनको उपचार, अक्सिजन**	

		उपचार, एरोसौल उपचार, कृत्रिम स्वास प्रस्वास वा अन्य चिकित्सा सम्बन्धी (थेराप्युटिक) स्वास प्रस्वास उपचारका उपकरणहरु।	
		-ओजोन उपचार, अक्सिजन उपचार, एरोसौल उपचार, कृत्रिम स्वास प्रस्वास वा अन्य स्वास प्रस्वास उपचारका उपकरणहरुः	
	९०१९.२०.१०	---अक्सिजन कन्सन्ट्रेटर	५
	९०१९.२०.२०	---अक्सिजन मास्क, भेन्चुरी मास्क, भेन्टिलेटर मास्क, रिजर्भ्वायर मास्क	५
	९०१९.२०.३०	---मेडिकल भेन्टिलेटर	५
	९०१९.२०.४०	---अक्सिजन थेरापीमा प्रयोग हुने अक्सिजन ह्युमीडिफायर	१
	९०१९.२०.५०	---अक्सिजन टेण्ट, अक्सिजन हेड वक्स र यस्तै अक्सिजन वितरण गर्ने उपकरणहरु	५
	९०१९.२०.९०	---अन्य	५
९०.२६		**ग्याँस वा अरु तरल पदार्थका प्रवाह, तह, दवाव वा अन्य विविधता (भेरियवल्स) नाप्ने वा परीक्षण गर्ने (जस्तै-प्रवाहमापक, सतहमापक, म्यानोमिटर (हावा वा वाष्पको दवाव नाप्ने यन्त्र) तापमापक) औजार र**	

		उपकरणहरु, शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरु बाहेक।	
		-अन्य औजारहरु र उपकरणहरु:	
	९०२६.८०.१०	---अक्सिजन फ्लोमिटर	माफी
	९०२६.८०.९०	---अन्य	माफी
९०.२७		**भौतिक वा रासायनिक विश्लेषण (जस्तै-ध्रुवीकरणमापक (पोलारी-मिटर), परावर्तमापक (रिफ्रयाक्टोमिटर), बर्णक्रममापक (स्पेक्ट्रो-मिटर), ग्यौंस वा धुवाँ विश्लेषण गर्ने उपकरणहरु) का प्रयोगका औजारहरु र उपकरणहरु; च्यापच्याप लाग्ने (भिस्कोसिटी), छिद्रता (पोरोसिटी), प्रसारण (एक्सपान्सन) सतहको धारण-क्षमता (सर्फेस टेन्सन) वा यस्तै नाप्ने वा परीक्षण गर्ने औजार र यन्त्रहरु; तापको मात्रा, ध्वनि वा प्रकाशको नाप वा परीक्षण गर्ने औजारहरु र उपकरणहरु (एक्स्पोजर मिटर समेत); सूक्ष्मकर्तक (माइक्रोटोम्स)।**	
		-अन्य औजारहरु र उपकरणहरु:	
	९०२७.८०.१०	---हेमाटोलोजी एनालाइजर, ब्लड	माफी

		केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर, इम्यूनोकेमेष्ट्री एनालाइजर लगायतका यस्तै एनालाइजरहरु	
	९०२७.८०.९०	---अन्य	माफी
९४.०२		**औषधि उपचारको, चिरफारको, दन्त वा पशुचिकित्सा सम्बन्धी फर्निचर (जस्तै,- चिरफारको टेवुल, परीक्षण गर्ने टेवलहरु, अस्पतालको यान्त्रिक उपकरण जडान भएको ओछ्यान, दन्तचिकित्साको कुर्सी); हजामको कुर्सी र यस्तै घुम्नुका साथै तलमाथिको गति भएका कुर्सीहरु; ती सामानहरुका पार्टपुर्जाहरु।**	
		-दन्तचिकित्सा सम्बन्धी, हजामको वा यस्तै कुर्सीहरु र तिनका पार्टपुर्जाहरुः	
	९४०२.१०.१०	---दन्तचिकित्सा सम्बन्धी कुर्सी	५
	९४०२.१०.२०	---हजामको वा यस्तै कुर्सीहरु	५
	९४०२.१०.९०	---पार्टपुर्जाहरु	५
		-अन्यः	
	९४०२.९०.१०	---आई. सि. यु. बेड	५
	९४०२.९०.२०	---अस्पतालमा प्रयोग हुने अन्य बेडहरु	५

	९४०२.९०.९०	---अन्य, पार्टपुर्जा समेत	५
९५.०५		**आनन्दोत्सवका सामानहरु वा अन्य मनोरञ्जनका सामानहरु, जादूविद्या (चटक) र असाधारण ठट्टा (नोभेल्टी जोक) समेत।**	
		-क्रिसमस उत्सवका सामानहरुः	
	९५०५.१०.१०	---जमोठ (फेल्ट) को	१०
	९५०५.१०.९०	---अन्य	१०
९६.१७		**भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम भेसेल्स (भाँडा), बट्टा सहितको तयारी; त्यसको पार्टपुर्जा, भित्री काँच बाहेक।**	
	९६१७.००.१०	---भ्याकुम फ्ल्यास्क	१५
	९६१७.००.२०	---भ्याकुम भेसेल्स (भाँडा), बट्टा सहितको तयारी	१५
	९६१७.००.९०	---पार्टपुर्जाहरु	१५
९६.१९		**जुनसुकै पदार्थका स्यानिटरी टावेल (प्याड) र टेम्पोनहरु, केटाकेटीहरुका न्याप्किन र पुछने रुमाल (न्यापकिन लाइनर) हरु तथा यस्तै सामानहरु।**	
	९६१९.००.१०	---स्यानिटरी टावेल (प्याड)	१५
	९६१९.००.४०	---टेम्पोनहरु र मेन्सट्रुवल कप	१५
९६.२०		**मोनोपोड्हरु, बाइपोड्हरु,**	

		ट्राइपोडहरु र यस्तै सामग्रीहरु।	
	९६२०.००.१०	---स्मार्ट फोनका लागि उपयुक्त सेल्फी स्टिक	१५
	९६२०.००.९०	---अन्य	१५

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि यस अनुसूचीको दफा २ देखि २२ सम्म लेखिएका कुराको हकमा सोही बमोजिम हुनेछ।

२. **<u>यात्रुले ल्याउने मालवस्तु सम्बन्धमाः</u>** यात्रुले भन्सार महसुल छुटमा ल्याउन पाउने मालवस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा दरबन्दी अनुसार महसुल लाग्नेछ।

तर,

(१) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको सुन तथा सुनका गहनामा देहाय बमोजिम महसुल लाग्नेछः

(अ) सुनको हकमाः-

(क) पहिलो पचास ग्रामसम्म प्रति दश ग्राम नौ हजार पाँच सय रुपैयाँ।

(ख) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रति दश ग्राम दश हजार पाँच सय रुपैयाँ।

(आ) सुनको गहनाको हकमाः-

(क) पचास ग्रामसम्म सुनका गहनामा कुनै महसुल लाग्ने छैन।

(ख) पचास ग्रामभन्दा बढी थप सय ग्रामसम्म सुनका गहनामा प्रति दश ग्राम दश हजार पाँच सय रुपैयाँ।

(ग) उपखण्ड (ख) मा तोकिएको परिमाणभन्दा बढी थप सय ग्रामसम्म सुनका गहनामा प्रति दश ग्राम बाह्र हजार रुपैयाँ।

(२) खण्ड (१) को उपखण्ड (अ) वा (आ) मा उल्लेख भएभन्दा बढी परिमाणमा सुन तथा सुनका गहना पैठारी गरेमा बढी भएको परिमाण जति जफत गरिनेछ।

(३) विदेशी यात्रुले आफ्नो साथमा ल्याउन पाउने पचास ग्रामसम्म सुनको गहना र सय ग्रामसम्म चाँदीका गहना भन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहना पछि फिर्ता लैजाने गरी भन्सार बिन्दुमा घोषणा गरेमा त्यस्तो गहना परीक्षण गरी सो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ।

त्यसरी ल्याएको गहना निज यात्रु फिर्ता जाँदा भन्सार बिन्दुमा परीक्षण गराई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता लैजान सक्नेछ। त्यसरी परीक्षण गर्दा घोषणा गरे भन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम कसूर गरेको मानी सजाय हुनेछ।

(४) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिए बमोजिम नेपाली यात्रुले ल्याउने टेलिभिजनमा दरबन्दी अनुसार महसुल लाग्नेछ।

तर वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी आउने नेपाली नागरिकलाई एक पटकको लागि अभिलेख राखी निजले साथमा ल्याएको एउटा जुनसुकै प्रकारको बत्तीस इञ्चसम्मको टेलिभिजनमा लाग्ने सम्पूर्ण कर महसुल छुट दिइनेछ। सो भन्दा बढी इञ्चको टेलिभिजन ल्याएमा उक्त छुट सुविधा दिइने छैन।

३. **<u>भारतबाट हुने पैठारीमा महसुल छुट हुनेः</u>** भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र प्रतीतपत्रको माध्यमद्वारा पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा पाँचदेखि तीस प्रतिशतसम्मको दरमा पाँच प्रतिशत र सोभन्दा बढीका दरमा तीन प्रतिशत छुट दिइनेछ।

४. **<u>चीनको तिब्बतबाट हुने पैठारीमा महसुल छुट हुनेः</u>** जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु चीनको स्वशासित क्षेत्र तिब्वतबाट स्थल मार्ग हुँदै नेपालभित्र प्रतीतपत्रको माध्यमबाट पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा पाँचदेखि तीस प्रतिशतसम्मको दरमा पाँच प्रतिशत र सोभन्दा बढीका दरमा तीन प्रतिशत छुट दिइनेछ।

५. **<u>विदेशी मुद्रा प्राप्तिको कागजात पछि पेश गर्न सकिनेः</u>** दश हजार अमेरिकी डलर मूल्यसम्मका नेपालमा उत्पादन भएका मालवस्तुहरू निकासी गर्दा निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा उक्त कागजात पछि पेश गर्ने शर्तमा प्राप्त हुनुपर्ने विदेशी मुद्रा बापतको रकम बराबरको बैङ्क ग्यारेण्टी राखी निकासी गर्न दिइनेछ। निकासीकर्ताले निकासी गरेको छ महिनाभित्र विदेशी मुद्रा भुक्तानी प्राप्तिको कागजात वा निकासी भएको मालवस्तु फिर्ता आएको भए सोको प्रमाण पेश गरी बैङ्क ग्यारेण्टी फुकुवा गराउनु पर्नेछ। उक्त अवधिभित्र भुक्तानीको कागजात वा निकासी भएको मालवस्तु फिर्ता आएको प्रमाण पेश गरी बैङ्क ग्यारेण्टी फुकुवा नगराएमा सम्बन्धित भन्सार कार्यालयले

जमानत दिने बैङ्कसँग सो बापत राखेको बैङ्क ग्यारेण्टीको रकम माग गर्न सक्नेछ। त्यसरी माग गरेको अवस्थामा उक्त रकम पन्ध्र दिनभित्र बैङ्कले सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ। त्यसरी प्राप्त भएको रकम अबिलम्ब राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

६. **<u>साफ्टा सम्झौता र संवेदनशील सूचीमा परेका मालवस्तु सम्बन्धमाः</u>**
यस अनुसूचीको दफा १९ मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तु र यस अनुसूचीको दफा २० मा उल्लिखित मालवस्तु बाहेक सार्क मुलुकमा उत्पादित अन्य मालवस्तु त्यस्तो मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाट जारी भएको बिल बीजक सहित सोही मुलुकबाट साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा संवत् २०६२ साल पुस १७ गते कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछः-

संवत् २०६२ साल पुस १७ गते कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	६%
१५%	७.२५%
२५%	९.५%
३५%	११.२५%
४०%	११.२५%
८०%	११.२५%

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी यस दफामा उल्लेख भएकोभन्दा यस ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दर बमोजिम महसुल असुल गरिनेछ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ।

(३) संवत् २०६२ साल पुस १७ गते कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका, यस अनुसूचीको दफा १९ र दफा २० मा नपरेका उपशीर्षकहरूमा उल्लिखित मालवस्तु यस दफा बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा यसै दफामा उल्लिखित सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर लाग्नेछ।

(४) साफ्टा उत्पत्तिको प्रमाणपत्र, बीजक, प्रतीतपत्र लगायतका कागजातमा उल्लेख भएको उपशीर्षक र भन्सार कार्यालयमा घोषित वा भन्सार अधिकृतले यकीन गरेको उपशीर्षकको पहिलो ६ अङ्क फरक परेमा यस दफा बमोजिम भन्सार महसुल दरमा आंशिक छुट दिइने छैन।

७. **<u>साफ्टा सम्झौता बमोजिमका मालवस्तुमा महसुलः</u>** सार्क मुलुकमा उत्पादित यस अनुसूचीको दफा २० मा उल्लिखित उपशीर्षकका मालवस्तु त्यस्तो मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाट जारी भएका बिल बीजक सहित सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा संवत् २०६७ साल कात्तिकमा कायम रहेको देहाय अनुसारको भन्सार

महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछ। संवत् २०६७ साल कार्तिकमा कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका, यस अनुसूचीको दफा १९ र दफा २० मा नपरेका उपशीर्षकमा उल्लिखित मालवस्तु यस दफा बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा यसै दफामा उल्लिखित सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर लाग्नेछः-

संवत् २०६७ साल कात्तिकमा कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	९%
१५%	१४%
२०%	१८.५%
२५%	२२%
३०%	२७.५%
८०%	३०%

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी यस दफामा उल्लेख भएको भन्दा यस ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दरबमोजिम महसुल असुल गरिनेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने

महसुल भन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ।

(३) साफ्टा उत्पत्तिको प्रमाणपत्र, बिल बीजक, प्रतीतपत्र लगायतका कागजातमा उल्लेख भएको उपशीर्षक र भन्सार कार्यालयमा घोषित वा भन्सार अधिकृतले यकीन गरेको उपशीर्षकको पहिलो ६ अङ्क फरक परेमा यस दफा बमोजिम भन्सार महसुल दरमा आंशिक छुट दिइने छैन।

८. **दोहोरो छुट नपाइनेः** यस अनुसूचीमा उल्लेख भए बमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिनेछ।

९. **पुराना सवारी साधन र यन्त्र उपकरणमा ह्रासकट्टी गरी मूल्य कायम गर्नेः** (१) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य संघ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल छुटमा पैठारी भएका सवारी साधन तथा यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन तथा यन्त्र उपकरणको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(२) उपदफा (१) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छुटमा व्यक्तिगत रूपमा पैठारी भएका सवारी साधन अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले अधिकतम पाँच वर्षको (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम पैठारी भएको सवारी साधनको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनको मूल्यभन्दा धेरै कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम सवारी साधनमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र पैठारी हुनुपूर्व विदेशमा व्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक निकायबाट गरेको सवारी साधनको बिक्रीलाई लिलाम गरेसरह मानिनेछ।

१०. **<u>मालवस्तुको हवाई भाडा सम्बन्धमा:</u>** (१) हवाईमार्गबाट व्यापारिक रूपमा पैठारी गरिने मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले मालवस्तुको मूल्य, भाडा तथा बीमा रकम छुट्टाछुट्टै घोषणा गर्नु पर्नेछ। पैठारीकर्ताले घोषणा गरेको भाडा रकम र एयर वे बिलमा उल्लिखित भाडा रकममध्ये जुन बढी

हुन्छ सोही भाडा रकमलाई समावेश गरी मूल्य निर्धारण गरिनेछ। एयर वे बिलमा भाडा रकम उल्लेख नभएको र पैठारीकर्ताले घोषणा गरेको भाडा रकम वास्तविक भाडा रकम भन्दा कम भएमा भन्सार अधिकृतले उक्त मालवस्तु हवाईमार्गबाट पैठारी गर्दा लाग्न सक्ने अनुमानित भाडा रकम समेत समायोजन गरी मूल्य निर्धारण गर्नु पर्नेछ। हवाईमार्गबाट मालवस्तु पैठारी गर्दा लाग्ने भाडा रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट लिन सक्नेछ। त्यसरी भन्सार अधिकृतले मालवस्तुमा लागेको वा लाग्न सक्ने भाडा रकमको जानकारी मागेको बखत त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवा प्रदायकको कर्तव्य हुनेछ।

तर एयर वे बिलमा उल्लिखित भाडा रकम र सम्बन्धित हवाई सेवा प्रदायकले वास्तविक रूपमा असुल गरेको भाडा रकम फरक भएमा सम्बन्धित हवाई सेवाले वास्तविक भाडा रकम असुल गरी जारी गरेको नगदी रसीदलाई मान्यता दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले हवाई भाडा तोकेकोमा सोही बमोजिम हुनेछ।

११. **<u>निर्यात हुने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिनेः</u>** बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैङ्किङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल देहायका शर्त र प्रक्रियाका अधीनमा रही नगद धरौटी राखी पैठारी गर्न पाउनेछ र नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन

सिफारिस गरेको अवस्थामा मात्र नगद धरौटी राखी पैठारी गर्न दिइनेछ।

(क) उद्योगले यस दफा बमोजिम कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल धरौटीमा जाँचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढाँचामा भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त निवेदनको आधारमा पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुल बापतको रकम धरौटी राखी जाँचपास गरिनेछ। कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा वा निकासी प्रक्रिया पूरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने पासबुकमा स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

(ग) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी मालवस्तु बाह्र महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नु पर्नेछ।

(घ) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा नेपाल सरकारबाट आंशिक वा पूर्णरूपमा महसुल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र यस दफा बमोजिमको सुविधा प्रदान गरिनेछ।

(ङ) उद्योगले निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गरेमा सोको प्रमाण, बैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी भएको भए सो बापत मालवस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढाँचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि खण्ड (ग) बमोजिमको अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ।

तर बन्द, हड्ताल, विपद् वा अन्य यस्तै कावुबाहिरको परिस्थिति परी खण्ड (ग) बमोजिमको अवधिभित्र तयारी मालवस्तु निकासी गर्न वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्न वा विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकेको व्यहोरा जनाई भन्सार कार्यालयका प्रमुख समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले बढीमा छ महिनासम्मको म्याद थप गर्न सक्नेछ।

(च) खण्ड (ङ) बमोजिमको अवधिभित्र दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले कागजात पेश भएको एक महिनाभित्र धरौटी फिर्ता गर्नु पर्नेछ। त्यसरी धरौटी फिर्ता भएको विवरण पासबुकमा जनाई दिनु पर्नेछ।

(छ) उद्योगले यस दफा बमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुलमा फुकुवा भएको धरौटी रकम मिलान गरी पासबुकमा जनाइनेछ।

तर उद्योगले त्यस्तो फुकुवा भएको धरौटी रकम फिर्ता माग गरेमा फुकुवा भएजतिको रकम तत्काल फिर्ता दिइनेछ।

(ज) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोबार मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ।

(झ) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित मालवस्तु शर्त बमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै खण्ड (ग) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी त्यस्तो बिक्री गरे जतिको हकमा नियम अनुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको दश प्रतिशत जरिबाना समेत पैठारीकर्ताबाट असुल गरिनेछ।

१२. **<u>सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) सवारी वा ढुवानीका साधन पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधन नेपालस्थित आधिकारिक बिक्रेताले मात्र पैठारी गर्न पाउनेछ।

(ख) रिकण्डीसन्ड, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी गर्न पाइने छैन। यस्ता साधन कसैले पैठारी गरेमा जफत हुनेछ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनको पैठारीकर्ताले एक वर्षमा तीन पटक (प्रत्येक चार महिनामा) त्यस्ता साधनको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

(घ) पैठारी भएका सवारी वा ढुवानीका साधनको खण्ड (ग) बमोजिम अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने पैठारीकर्ताको भन्सार विभागले पैठारी तथा बिक्री कारोबार रोक्का राखी छानबिन गर्न सक्नेछ।

(ङ) खण्ड (क) मा उल्लिखित शर्त उल्लङ्घन गरी सवारी वा ढुवानीका साधन पैठारी गरेमा त्यस्ता सवारी तथा ढुवानी साधन जफत गर्नु पर्नेछ। तर मिति २०७८ साल जेठ १५ गते भन्दा अगावै प्रतीतपत्र खोली वा अन्य भुक्तानीको माध्यमबाट पैठारीको प्रक्रियामा रहेका र भन्सार यार्डमा ल्याई जाँचपास हुन बाँकी रहेका सवारी तथा ढुवानी साधन मूल्यको तीस प्रतिशत जरिबाना गरी जाँचपास गर्न सकिनेछ।

तर,

(१) सरकारी निकाय, कूटनीतिक वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय, ऋण तथा अनुदान सहयोगमा सञ्चालित सरकारी आयोजनाले पैठारी गर्ने सवारी तथा ढुवानीका साधन तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा खण्ड (क) को व्यवस्था लागू हुनेछैन।

(२) दमकल (बारुणयन्त्र) पैठारी गर्दा खण्ड (क) तथा (ख) को व्यवस्था लागू हुने छैन।

(३) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरेको नेपाली नागरिक आफ्नो कार्यकाल समाप्त भई नेपाल फर्कंदा निजले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछ।

(४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको एम्बुलेन्स; शीर्षक ८७.०१ अन्तर्गत पर्ने ट्याक्टर र शीर्षक ८७.०५ मा पर्ने खास उद्देश्यका मोटरगाडी पैठारी गर्दा यस उपदफाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(५) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधनको हकमा खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(६) नेपालस्थित विदेशी कूटनीतिक नियोगमा कार्यरत कुटनीतिक पदाधिकारीले प्रयोग भइसकेका सवारी साधन पैठारी गर्न चाहेमा पारस्पारिकताको आधारमा पैठारी गर्न दिन परराष्ट्र मन्त्रालयले सिफारिस गरेको अवस्थामा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधन पछि आफ्नो कार्य अवधि समाप्त भएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्न दिन सकिनेछ।

(७) यस अनुसूची बमोजिम वा नेपाल सरकारको निर्णयद्वारा पूर्ण वा आंशिक भन्सार महसुल छुट दिइएको व्यक्ति वा संस्था वा निकायले सवारी साधन निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरी पैठारी गर्दा खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(२) कार्नेट अन्तर्गत पर्यटकले ल्याएका व्यक्तिगत प्रयोगका सवारी साधन र त्यस्तो साधनसँग सम्बद्ध मालवस्तु नेपालभित्र अस्थायी रूपमा प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक पटक गरी जम्मा छ महिनाको अवधिसम्म नेपालभित्र राख्न पाउनेछ। त्यसरी नेपालमा राखेको अवधिभर कुनै महसुल लाग्नेछैन। दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवस्थामा भने त्यस्तो अवधि कार्नेटमा तोकिदिएको अवधिमा गणना हुने छैन। यसरी कार्नेट अन्तर्गत पैठारी भएका सवारी साधनहरू दान, दातव्य वा उपहार दिन वा बिक्री गर्न पाइने छैन। कार्नेटमा जनाई नेपाल प्रवेश गराइएको सवारी साधन छ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी भएका मोटरकार, स्टेशन वाइगन, जीप, बस, ट्रक, ट्रयाक्टर र तिनका ट्रेलर, लहरी, भ्यान, तीन पाङ्ग्रे साधन र मोटरसाइकल जस्ता साधन समेतमा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा देहाय बमोजिम एकमुष्ट समदरमा भन्सार महसुल लगाई असुल गरिनेछः-

(क) ट्रयाक्टरमा प्रतिदिन चार सय रूपैयाँ, ट्रेलर फिट भएको ट्रयाक्टरमा वा ट्रेलर मात्रमा प्रति दिन सात सय रूपैयाँ।

तर मालवस्तु बोकी ल्याएका ट्रेलरसहितको ट्रयाक्टर अठ्चालीस घण्टाभित्र रित्तै फर्की गएमा सो ट्रयाक्टरको महसुल लिइने छैन। यसरी पैठारी गरी ल्याएको ट्रयाक्टर, ट्रेलर वा ट्रेलरसहितको ट्रयाक्टर तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन।

(ख) कार्नेट नभएका सवारी साधनमध्ये कार, जीप र भ्यानमा दैनिक पाँच सय रूपैयाँ, बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक पाँच सय रूपैयाँ, मोटरसाइकल तथा स्कुटरमा दैनिक एक सय पचास रूपैयाँ र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक चार सय रूपैयाँ महसुल तिरी अस्थायी पैठारी भएका सवारी साधन एक वर्षमा तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन।

तर,

(१) यसरी पैठारी भएका सवारी साधन नजिकको बजारसम्म पुगी प्रवेश गरेकै दिन फर्कने भएमा कुनै महसुल लाग्ने छैन।

(२) नेपालसँग भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम अस्थायी पैठारी हुने सवारी साधनको सम्बन्धमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) चलचित्र छायाङ्कन, शैक्षिक प्रदर्शनी तथा सामाजिक जनचेतना अभिवृद्धिका निमित्त संयन्त्र जडित भई आउने विशेष प्रकारका सवारी साधनको लागि यस खण्डमा उल्लिखित समयावधिले नपुग हुने भई सम्बन्धित कार्यालय प्रमुखको रायसहित लेखी आएमा महानिर्देशकले

नियम अनुसारको महसुल लिई बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ।

(ग) मालवस्तुको परिवहनको लागि अस्थायी पैठारी हुने ट्रयाक्टर बाहेकका ट्रेलर, ट्रक र अन्य गाडीलाई एकपटकमा सात दिनसम्म प्रति दिन एक हजार सात सय रूपैयाँ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधन अनिवार्यरूपमा फिर्ता लैजानु पर्नेछ। खण्ड (क), (ख) र (ग) मा उल्लिखित साधन प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा झुट्टा विवरण दिई नेपालभित्र बसेको ठहरेमा जफत गर्न सकिनेछ। फिर्ता लैजाने क्रममा मनासिव कारण भई बढी अवधि बसेको त्यस्तो साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको मोटरसाइकल र स्कुटरमा दैनिक एक हजार दुई सय रूपैयाँका दरले र अन्य साधनमा दैनिक दुई हजार पाँच सय रूपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ।

(ङ) विदेशबाट एल.पी. ग्याँस बोकी ल्याउने मालवाहक कन्टेनर (बुलेट) लाई गन्तव्यस्थलमा अनलोड गर्नका लागि छयानब्बे घण्टासम्म अस्थायी पैठारी महसुल लाग्ने छैन।

(च) विदेशबाट एल.पी. ग्याँस बाहेक अन्य मालवस्तु ढुवानी गरी ल्याएको ट्रक र मालवस्तुसहितको कन्टेनर बोकी ल्याएको ट्रेलरलाई सो मालवस्तु गन्तव्यस्थलमा अनलोड गर्नको लागि र रित्तो कन्टेनर लिई आएको ट्रेलरलाई भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्नका निमित्त बहत्तर घण्टासम्म अस्थायी पैठारी महसुल लाग्ने छैन।

(छ) विदेशबाट मालवस्तु ढुवानी गरी नेपाल प्रवेश गरेका ट्रक र मालवस्तु सहितको कन्टेनर बोकी आएको ट्रेलर र रित्तो ट्रक वा रित्तो कन्टेनर सहित आएको ट्रेलरले भन्सार क्षेत्रबाहिरबाट मालवस्तु लोड गरी अठ्चालीस घण्टाभित्र फर्केमा एक दिनको मात्र अस्थायी पैठारी महसुल लाग्नेछ। त्यस्तो साधन अठ्चालीस घण्टा पछि भन्सार क्षेत्र बाहिरबाट मालवस्तु लोड गरी फर्केमा प्रति दिन दुई हजार तीन सय रुपैयाँका दरले अस्थायी पैठारी महसुल लाग्नेछ।

(ज) खण्ड (ङ), (च) र (छ) मा उल्लिखित ढुवानीसँग सम्बन्धित साधनहरू तत् तत् खण्डमा उल्लिखित समयावधिभित्र बन्द, हड्ताल, विपद्, दुर्घटना जस्ता कारणले फिर्ता हुन नसकी अस्थायी महसुल लाग्ने अवस्था भएमा भन्सार कार्यालयको प्रमुखले बढीमा अर्को तीन दिनसम्मको म्याद थप्न सक्नेछ र यसरी थपिएको अवधिको महसुल लाग्ने छैन।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ। अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले महसुल नपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधन जफत गरिनेछ।

(५) शीर्षक ८७.०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सीट गणना गरिनेछ।

तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डिङ्ग सीटलाई गणना गरिने छैन।

(६) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरूले महसुल सुविधामा पैठारी गरेका पाँच वर्षभन्दा पुराना गाडी र यन्त्र उपकरण लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन।

तर भन्सार ऐन, २०६४ बमोजिम जफत भई नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा पाँच वर्षको बन्देज लागू हुनेछैन।

(७) अस्थायी पैठारी भएका सवारी तथा ढुवानीका साधन दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा कब्जामा रहेको व्यहोरा सम्बन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा सो अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने महसुल मूल भन्सार कार्यालयको प्रमुखले मिन्हा दिन सक्नेछ।

(८) कुनै विदेशी यात्रुले सवारी साधन सहित नेपाल प्रवेश गर्दा यस दफा बमोजिम महसुल बुझाउन छुट भएको र निजले पछि कुनै भन्सार कार्यालयमा स्वयं उपस्थित भई महसुल बुझाउन निवेदन दिएमा भन्सार अधिकृतले जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा पच्चीस हजार रुपैयाँ जरिबाना र लाग्ने महसुल लिई त्यस्तो सवारी साधन विदेश फिर्ता लैजान दिन सक्नेछ।

तर,

(क) यस्तो सवारी साधन नेपाल प्रवेश गरेको मितिले सात दिनभित्रको हुनु पर्नेछ।

(ख) कुनै पनि व्यक्ति वा निकायबाट पक्राउ गरी भन्सार कार्यालयमा मुद्दाको रुपमा पेश भएको हुनुहुँदैन।

(९) नेपालमा खानेपानी तथा सिँचाइ कार्यको लागि भूमिगत पानी निकाल्न पैठारी गरिने बोरिङ मेसिन जडित ढुवानीका साधन अस्थायी पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा एकमुष्ट समदरमा भन्सार महसुल प्रति दिन तीन हजार रुपैयाँ लाग्नेछ। त्यसरी पैठारी गरेको बोरिङ मेसिन जडित त्यस्ता ढुवानीका साधन छ महिनाभन्दा बढी नेपालमा राख्न पाइने छैन। सो अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपालभित्र झुट्ठा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ। फिर्ता लैजाने क्रममा मनासिब कारण भई बढी अवधि बसेको त्यस्तो साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको दैनिक पाँच हजार रूपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ।

१३. **भन्सार महसुल सुविधामा पैठारी भएका मालवस्तु सम्बन्धी विशेष व्यवस्थाः**(१) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले कूटनीतिक वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन, यन्त्र उपकरण एवं मालवस्तु पैठारी गरेको मितिले पाँच वर्ष पुगेपछि बिक्री गरेमा वा उपहार दिएमा यस अनुसूची बमोजिम लाग्ने कुल भन्सार महसुलको साठी प्रतिशत छुट हुनेछ। कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्र उपकरण तथा मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एक पटक मात्र दिइनेछ।

(२) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने मालवस्तुका सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) सवारी र ढुवानीका साधन, निर्माण यन्त्र तथा उपकरण समेतको सम्बन्धमाः-

(अ) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधीनमा रही सरकारी वा

निजी क्षेत्रबाट सञ्चालित आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी हुने निर्माण यन्त्र तथा उपकरण तथा सरकारी आयोजना वा सोसँग सम्बन्धित विदेशी ठेकेदार वा विदेशी ठेकेदार र नेपाली ठेकेदारको संयुक्त उपक्रमका नाममा पैठारी हुने सवारी तथा ढुवानी साधनमा लाग्ने महसुल बापतको रकम बैङ्क ग्यारेण्टी लिई अस्थाई पैठारी गर्न दिइनेछ। त्यसरी बैङ्क ग्यारेण्टी लिई अस्थाई पैठारी गर्न दिइने आयोजनाको लागि नभई नहुने मालवस्तुको विवरण भएको माष्टर लिष्ट सम्बन्धित निकायको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृत भएको हुनु पर्नेछ।

तर वैदेशिक अनुदानमा सञ्चालित आयोजनाको हकमा सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित मन्त्रालयको सचिव वा विकास साझेदारबाट भएको सिफारिसका आधारमा आयोजनाको लागि आवश्यक निर्माण उपकरण, यन्त्र र सवारी तथा ढुवानी साधन आयोजनाको समाप्ति पछि अनिवार्य रुपमा फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न अनुमति दिन सकिनेछ। त्यसरी पैठारी भएको मालवस्तु नेपालमा कसैलाई बिक्री वा दान गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

(आ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधन, निर्माण यन्त्र तथा उपकरण पैठारी गर्दा प्रज्ञापनपत्रमा नेपालभित्र रहने अवधि

उल्लेख गरी जाँचपास गर्नु पर्नेछ। निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनु पर्नेछ। सो आधारमा भन्सार विभागले सम्बन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ।

(इ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नवीकरण गरिने छैन। पैठारीकर्ताले यसरी दर्ता भएको सवारी तथा ढुवानी साधनको सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी दर्ता भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ।

(ई) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले वा करार सम्झौता (ठेक्का सम्झौता) रद्द भएको मितिले तीन महिनाभित्र उपरोक्त अनुसारका मालवस्तु फिर्ता लगिसक्नु पर्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "आयोजना सम्पन्न भएको मिति" भन्नाले सम्झौतामा उल्लेख भए अनुसारको डिफेक्ट लायाविलिटि पिरियड वा मर्मत अवधि (मेन्टिनेन्स पिरियड) सम्झनु पर्छ।

(उ) उपखण्ड (ई) बमोजिम मालवस्तु फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै प्रचलित कानून बमोजिम लाग्ने महसुल बुझाउनु पर्नेछ। त्यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी र ढुवानी साधन, निर्माण यन्त्र तथा उपकरण जफत गरिनेछ र अस्थायी पैठारी गर्दा राखेको बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम समेत राजस्वमा आम्दानी बाँधिनेछ।

(ऊ) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको मालवस्तु फिर्ता नलगी वा महसुल नतिरेसम्म त्यस्तो ठेकेदारले अर्को परियोजनाका लागि सवारी साधन, यन्त्र उपकरण एवं मालवस्तुहरू पैठारी गर्न पाउने छैन।

(ख) <u>आयोजनामा खपत हुने मालवस्तुका सम्बन्धमाः-</u>

वैदेशिक ऋण वा अनुदानमा सञ्चालित तथा लगानी बोर्डले स्वीकृत गरेका आयोजनामा खपत हुने मालवस्तुमा लाग्ने महसुल छुटका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्दा देहायका विषय सहित त्यस्ता मालवस्तुको विवरण भएको माष्टर लिष्ट सम्बन्धित निकायको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेको हुनु पर्नेछः-

(१) वैदेशिक ऋण वा अनुदान वा लगानी बोर्डबाट स्वीकृत लगानी सम्बन्धी सम्झौतामा भएको कर छुटको प्रावधान स्पष्ट खुलेको हुनुपर्ने,

(२) आयोजनाको दर विश्लेषण तथा लागत अनुमानमा माष्टर लिष्टमा समावेश भएको वस्तुको कर बाहेकको मूल्य खुलेको हुनुपर्ने,

(३) सम्झौता अंकको कति मूल्यको मालवस्तु पैठारी हुने हो सो खुलेको हुनु पर्ने,

(४) माष्टर लिष्टमा उल्लिखित मालवस्तुहरु मध्ये कुन नेपालमा खरिद गर्ने हो र कुन पैठारी गर्ने हो सो स्पष्ट रुपमा खुलाउनु पर्ने,

(५) स्वीकृत माष्टर लिष्ट संशोधन भए संशोधन गर्नु पर्नाको आधार र कारण खुलाउनु पर्ने।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित माष्टर लिष्टमा मालवस्तुको नाम, एकाई, प्रति एकाई मूल्य, जम्मा मूल्य (सि.आई.एफ., सि.आई.पी., एफ.ओ.वि., एक्स वर्कस् डव्लु वा अन्य), मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक, उत्पत्तिको मुलुक, आयोजना तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति समेत स्पष्ट रुपमा खुलाइएको हुनु पर्नेछ।

(घ) खण्ड (क) र (ख) मा उल्लिखित स्वीकृत मास्टर लिष्टमा पर्ने मालवस्तुको प्रति एकाई मूल्य सो माष्टर लिष्टमा उल्लेख भएको भन्दा पच्चीस प्रतिशतसम्म घटी भएमा समेत सो मूल्यलाई मान्यता दिइनेछ। मालवस्तुको प्रति एकाई मूल्य पच्चीस प्रतिशत भन्दा बढी घट्न गएमा माष्टर लिष्ट संशोधन गरी त्यस्तो मूल्य समायोजन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुविधामा पैठारी भएको मालवस्तु जुन आयोजनाको लागि पैठारी भएको हो सोही आयोजनामा मात्र प्रयोग गर्न पाईनेछ। नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा वाहेक तोकेको आयोजनाभन्दा अन्यत्र प्रयोग

भएको पाइएमा खपत हुने मालवस्तुको हकमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल र सो महसुल बराबर जरिबाना हुनेछ। खपत नहुने सवारी साधन, मेशिनरी यन्त्र, उपकरण लगायतका मालवस्तुको हकमा त्यस्ता मालवस्तु जफत गरिनेछ र महसुल बापत बैङ्क ग्यारेण्टी राखेको भए त्यस्तो वैङ्क ग्यारेण्टीबाट लाग्ने महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

(४) उपदफा (२) बमोजिम महसुल नबुझाएका वा सो उपदफामा उल्लिखित म्यादभित्र फिर्ता नलगेका सवारी र ढुवानीका साधन, निर्माण उपकरण तथा यन्त्रको यथार्थ सूचना दिई कब्जा गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुने रकमको दश प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ।

१४. <u>देहायका मालवस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछः-</u>

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः**

(क) आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाई.) उत्पादन गर्ने उद्योगले उद्योग विभागले तोकेको हदसम्मका कच्चा पदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग तथा विदेशमा हुने निकासीको आधारमा उद्योगले पैठारी गर्ने उपशीर्षक ३९०७.६१.०० र ३९०७.६९.०० मा पर्ने पेट चिप्स,

(ख) जुट उद्योगले पैठारी गर्ने उपशीर्षक ५३०३.१०.०० र ५३०३.९०.०० मा पर्ने कच्चा जुट,

(ग) नेपाल सरकारले पैठारी गर्ने उपशीर्षक ४९०७.००.२० को हुलाक टिकट, उपशीर्षक ४९०७.००.३० को हवाईपत्र, उपशीर्षक ४९०७.००.४० को राहदानी, उपशीर्षक ४९०७.००.५० अन्तःशुल्क टिकट र उपशीर्षक ४९०९.००.०० को पोष्टकार्ड,

(घ) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन,

(ङ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको उपशीर्षक २७०९.००.०० को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल,

(च) भारतमा उत्पादन भई भारतबाटै पैठारी हुने देहायका उपशीर्षकका मालवस्तुः

भाग २५				
२५०२.००.००	२५०४.१०.००	२५०४.९०.००	२५१०.१०.००	२५११.१०.००
२५११.२०.००	२५१३.१०.००	२५१३.२०.००	२५१९.९०.००	२५२१.००.००
२५२५.१०.००	२५२८.००.००			
भाग २६				
२६०१.११.००	२६०१.१२.००	२६०१.२०.००	२६०२.००.००	२६०३.००.००
२६०४.००.००	२६०५.००.००	२६०६.००.००	२६०७.००.००	२६०८.००.००
२६०९.००.००	२६१०.००.००	२६११.००.००	२६१२.१०.००	२६१२.२०.००
२६१३.१०.००	२६१३.९०.००	२६१४.००.००	२६१५.१०.००	२६१५.९०.००
२६१६.१०.००	२६१६.९०.००	२६१७.१०.००	२६१७.९०.००	
भाग ४४				
४४०१.११.००	४४०१.१९.००	४४०१.२१.००	४४०१.२२.००	४४०१.३१.००
४४०१.३९.००	४४०२.१०.००	४४०२.९०.००	४४०३.११.००	४४०३.१२.००
४४०३.२१.००	४४०३.२२.००	४४०३.२३.००	४४०३.२४.००	४४०३.२५.००
४४०३.२६.००	४४०३.४१.००	४४०३.४९.००	४४०३.९१.००	४४०३.९३.००
४४०३.९४.००	४४०३.९५.००	४४०३.९६.००	४४०३.९७.००	४४०३.९८.००
४४०३.९९.१०	४४०३.९९.९०	४४०४.१०.००	४४०४.२०.००	४४०६.११.००
४४०६.१२.००	४४०६.९१.००	४४०६.९२.००	४४०७.११.००	४४०७.१२.००
४४०७.१९.००	४४०७.२१.००	४४०७.२२.००	४४०७.२५.००	४४०७.२६.००

४४०७.२७.००	४४०७.२८.००	४४०७.२९.००	४४०७.९१.००	४४०७.९२.००
४४०७.९३.००	४४०७.९४.००	४४०७.९५.००	४४०७.९९.००	

(छ) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगले पैठारी गर्ने उपशीर्षक ५४०२.४६.०० को आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.०० र उपशीर्षक ५५०७.००.०० मा पर्ने मानव निर्मित स्टेपुल फाइवर,

(ज) विद्युत सोलार वा ब्याट्रीबाट मात्र चल्ने तीन पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफूले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने उपशीर्षक ८७०६.००.४० र ८७०६.००.५० मा पर्ने चेसिस, उपशीर्षक ८५०१.१०.००, ८५०१.२०.००, ८५०१.३१.००, ८५०१.३२.००, ८५०१.३३.००, ८५०१.३४.००, ८५०१.४०.००, ८५०१.५१.००, ८५०१.५२.००, ८५०१.५३.०० ८५०१.६१.००, ८५०१.६२.००, ८५०१.६३.००, ८५०१.६४.०० मा पर्ने मोटर र उपशीर्षक ८५०४.४०.१० मा पर्ने व्याट्री चार्जर,

(झ) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने उपशीर्षक ९०१८.९०.२० मा पर्ने रगत राख्ने प्लाष्टिकका थैला तथा सोही प्रयोजनका लागि नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने उपशीर्षक ९०१८.९०.९० मा पर्ने ट्रान्सफ्यूजन सेट,

उपशीर्षक ३००२.९०.१० मा पर्ने टेस्टिङ्ग किट्स र उपशीर्षक ३८२२.००.०० मा पर्ने रिएजेण्ट,

(ञ) दृष्टिविहीनहरूले प्रयोग गर्ने उपशीर्षक ८४४३.३१.००, ८४४३.३२.०० र ८४४३.३९.०० मा पर्ने ब्रेलो (ब्रेल प्रिन्टर), उपशीर्षक ८५३१.८०.०० मा पर्ने रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, उपशीर्षक ९०२५.१९.९० मा पर्ने आवाज दिने थर्मामिटर, उपशीर्षक ९१०२.९९.०० मा पर्ने ब्रेल घडी, उपशीर्षक ९०१३.८०.०० मा पर्ने मेग्नीफाइङ्ग ग्लास, उपशीर्षक ९०१४.१०.०० मा पर्ने ब्रेल कम्पास, उपशीर्षक ४९०१.९१.०० र ४९०१.९९.०० मा पर्ने ब्रेल पुस्तक, उपशीर्षक ८४४३.३९.०० मा पर्ने ब्रेल इम्बोसर, उपशीर्षक ८४७२.१०.०० मा पर्ने ब्रेल स्टेनसिल मेशिन,

(ट) नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने भाग २८, २९, र ३८ मा पर्ने रसायन, भाग ४८ मा पर्ने टकमरीको निमित्त आवश्यक पर्ने कागज, उपशीर्षक ४९०७.००.६० मा पर्ने चेक फर्म तथा चेकबुक, भाग ७१ मा पर्ने सिक्का, शीर्षक ७१.०६, ७१.०८ र ७१.१३ मा पर्ने चाँदी, सुन तथा सोका गहना, भाग ७४ को धातु, भन्सार शीर्षक ८४.७२ अन्तर्गत पर्ने भन्सार महसुल माफी बाहेकका कार्यालय यन्त्रहरु एवं यस्तै प्रकृतिका अन्य मालवस्तु,

(ठ) विदेशी प्रकाशकद्वारा प्रकाशित शीर्षक ४९.०१, ४९.०३ र ४९.०४ मा पर्ने पुस्तक तथा पत्रिका,

(ड) उद्योगले पैठारी गर्ने शीर्षक ७२.०१, उपशीर्षक ७२०३.१०.०० र शीर्षक ७२.०४ मा पर्ने मालवस्तु ।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः**

(क) हवाई सेवा प्रदायक संस्थाले वा नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेका कम्पनीले पैठारी गर्ने उपशीर्षक ८८०२.२०.००, ८८०२.३०.०० र ८८०२.४०.०० मा पर्ने हवाईजहाज; उपशीर्षक ८८०२.११.०० र ८८०२.१२.०० मा पर्ने हेलिकप्टर; उपशीर्षक ८४८३.४०.०० मा पर्ने गेयर बक्स; उपशीर्षक ८४०७.१०.०० मा पर्ने इञ्जिन; उपशीर्षक ८४११.११.००, ८४११.१२.००, ८४११.२१.०० र ८४११.२२.०० मा पर्ने टर्वो जेट इन्जिन र टर्वो प्रोपेलर्स; उपशीर्षक ४०११.३०.०० मा पर्ने टायर; उपशीर्षक ४०१३.९०.३० मा पर्ने ट्युव; उपशीर्षक ८५०७.१०.०० मा पर्ने व्याट्री; उपशीर्षक ७३१८.१६.००, ७३१८.१९.०० र ७३१८.२३.०० मा पर्ने नट, बोल्ट र रिभेट; उपशीर्षक ८८०३.१०.०० मा पर्ने प्रोपेलर, रोटर र व्लेड; उपशीर्षक ८४०९.१०.०० मा पर्ने पिष्टन; उपशीर्षक ८८०३.३०.०० मा पर्ने हवाईजहाज वा हेलिकोप्टरका अन्य पार्टपुर्जाहरु; उपशीर्षक ८८०५.१०.०० मा पर्ने ल्याण्डिङ्ग गेयर; उपशीर्षक ७००७.११.०० र ७००७.२१.०० मा पर्ने विण्डसिल्ड,

तर लिजमा पैठारी भएका हवाइजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा वा नेपालमा दुर्घटना भई पुनः सञ्चालन गर्न नसक्ने भएमा तथा सोही कारण फिर्ता लैजान समेत नसकेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ।

(ख) दाना तथा पशुपन्छी उद्योगले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने उपशीर्षक ०५११.९१.०० मा पर्ने माछाका टुक्राटाक्री वा धुलो र सिपीको टुक्रा; उपशीर्षक २३०१.१०.०० र २३०१.२०.०० मा पर्ने फिड सप्लिमेन्टको कच्चा पदार्थ, उपशीर्षक २३०३.१०.०० मा पर्ने मकैको ग्लुटेन र उपशीर्षक २५२१.००.०० मा पर्ने चुन ढुंगाको धुलो र उपशीर्षक ३५०७.९०.०० मा पर्ने ईन्जाइम,

(ग) कपडा तथा कार्पेट उद्योगले पैठारी गर्ने शीर्षक ५२.०५ र उपशीर्षक ५२०७.१०.०० मा पर्ने धागो,

(घ) उद्योगले पैठारी गर्ने उपशीर्षक ९०२७.१०.००, ९०२७.३०.०० र ९०२७.९०.१० मा पर्ने यन्त्र उपकरण तथा ९०२७.९०.९० मा पर्ने तिनका पार्टपूर्जा,

(ङ) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ तथा सहायक कच्चापदार्थ,

(च) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल वा पेट्रोलबाट चल्ने सवारी साधनलाई विद्युतीय मोटरबाट सञ्चालन हुने गरी बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा सवारी धनीले पैठारी गर्ने यन्त्र तथा उपकरण,

(छ) बालीनालीमा प्रयोग हुने जैविक विषादि उत्पादन गर्ने उद्योगले जैविक विषादि उत्पादन गर्नका लागि पैठारी गर्ने भाग ८४ मा पर्ने भन्सार महसुल माफी भए बाहेकका मेशिनरी तथा यन्त्र उपकरण,

(ज) धागो तथा कपडा उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने शीर्षक ८४.०२, ८४.२०, ८४.४४, ८४.४५, ८४.४६, ८४.४७, ८४.४८, उपशीर्षक

८४२१.१२.००, ८४५१.२९.००, ८४५१.३०.००, ८४५१.४०.००, ८४५१.५०.०० का मेशिनरी तथा उपकरण, सोका स्पेयर्स पार्ट्स, शीर्षक २८.१५, २८.३०, २८.३६, २८.४७, २९.१५, ३२.०४, ३४.०३, ३८.०९, ३९.०५, ३९.०६, मा पर्ने केमिकल, डाइज र पोलिमर,

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने उपशीर्षक ९४०३.२०.९० र ९४०३.६०.०० मा पर्ने भ्याकुम आइरनिङ टेवुल र उपशीर्षक ८५१६.४०.०० मा पर्ने स्टीम आइरन,

(ञ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने उपशीर्षक ८४२१.११.०० मा पर्ने सेपरेटर; उपशीर्षक ७३०९.००.०० र ७६११.००.०० मा पर्ने मिल्क चिलिङ भ्याट; उपशीर्षक २८०४.३०.०० मा पर्ने लिक्विड नाइट्रोजन; उपशीर्षक ८४१८.१०.०० मा पर्ने औद्योगिक रेफ्रीजरेटर; उपशीर्षक ७६१३.००.२० मा पर्ने लिक्विड नाइट्रोजन राख्ने कन्टेनर। त्यस्ता यन्त्र उपकरणहरू सि.के.डी. वा एस.के.डी. रूपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्र, उपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ।

(ट) भाग ८४ को पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेशिनरी, यन्त्र, उपकरण र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सि.के.डि. वा एस.के.डि. अवस्थामा पटक पटक पैठारी हुने मेशिनरीका मुख्य अवयव तथा तिनका पहिचान योग्य अङ्ग एवं सहायक सामग्री।

तर भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण टंकी (स्टोरेज ट्याङ्क), पेषण गुटिका (ग्राइण्डिङ बल), फलाम वा स्पातका पाइप तथा भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने र इँटा तथा विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर जस्ता मालवस्तुमा यो सुविधा प्रदान नगरी दरबन्दी बमोजिम नै महसुल असुल गरिनेछ। जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मिल, मेशिनरी, यन्त्र, उपकरणका पार्टपुर्जा तथा सहायक सामग्रीमा पनि यो सुविधा नदिई दरबन्दी बमोजिमको महसुल लाग्नेछ। साथै पुराना वा प्रयोग भइसकेका मिल, मेशिनरी यन्त्र, उपकरणमा यस उपदफा बमोजिमको छुट दिइने छैन।

(ठ) चिया उद्योगले पैठारी गर्ने शीर्षक ६०.०५ मा पर्ने वेदरिङ्ग नेट, उपशीर्षक ८४०२.२०.०० मा पर्ने बोइलर, उपशीर्षक ८४१४.५९.०० मा पर्ने ट्रफ फ्यान, शीर्षक ८४.२३ मा पर्ने वेइङ्ग ब्रिज, शीर्षक ८४.५९ मा पर्ने रोलर सार्पनिङ्ग मेशिन, उपशीर्षक ८२०१.६०.०० मा पर्ने प्लकिङ्ग शियर्स, उपशीर्षक ८२०८.४०.०० मा पर्ने कटिङ्ग ब्लेड, उपशीर्षक ३५०६.९९.०० मा पर्ने कीरा टाँस्ने गम, उपशीर्षक ८४३८.८०.९० मा पर्ने टी प्रोसेसिङ्ग मेशिन; रोलिङ्ग टेबुल, टी व्लेण्डिङ्ग मेशिन, प्लकिङ्ग मेशिन, शीर्षक ८४.८२ मा पर्ने वियरिङ्ग, उपशीर्षक ८४३८.९०.०० मा पर्ने पार्टपुर्जाहरु; उपशीर्षक ४८२३.२०.१० मा पर्ने टि व्याग फिल्टर पेपर, उपशीर्षक ७६०७.११.०० मा पर्ने अलुमिनियम फ्वाइल; चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाई गरी पैठारी गर्ने शीर्षक ४८.१९ अन्तर्गतका सबै उपशीर्षकहरुमा पर्ने प्याकिङ्ग मेटेरियल, उपशीर्षक ४८२१.१०.०० मा पर्ने प्रिन्टिङ्ग लेबल र उपशीर्षक

३९२३.१०.९०, ३९२३.२१.००, ३९२३.२९.०० र ३९२३.९०.९० मा पर्ने मेटेरियल र उपशीर्षक ७६१२.९०.०० मा पर्ने अलुमिनियमको वट्टा,

(ङ) दर्ता भएका मत्स्य फार्मले पैठारी गर्ने उपशीर्षक ५६०८.११.०० मा पर्ने तयारी जालहरू; उपशीर्षक ५६०७.५०.०० मा पर्ने जाल बनाउन प्रयोग गरिने नाइलन धागो र उपशीर्षक ७३१४.४९.०० मा पर्ने माछा पाल्ने तयारी केजहरू; उपशीर्षक ८४१३.८१.०० मा पर्ने पम्प सेट, उपशीर्षक ८४१४.५९.०० मा पर्ने एरेटर; उपशीर्षक ३८०८.९१.९० मा पर्ने मत्स्य विष एवं मत्स्य प्रजनन्का लागि आवश्यक उपशीर्षक २९३७.१९.०० र २९३७.२९.०० मा पर्ने हार्मोन,

(ढ) धागो उद्योगले पैठारी गर्ने शीर्षक ५२.०१, ५२.०२ र ५२.०३ मा पर्ने कपास,

(ण) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने उपशीर्षक ७३१०.१०.०० र ७३१०.२९.०० मा पर्ने मेटल व्यारल; उपशीर्षक ७३२६.९०.०० मा पर्ने आधार चाका रोलर, व्हील प्लेट र रानी छेक्ने पाता; उपशीर्षक ८४१३.८१.०० मा पर्ने गियर पम्प, उपशीर्षक ९०३१.८०.०० मा पर्ने महको गुणस्तर परीक्षण गर्ने उपकरण र उपशीर्षक ९६०३.९०.०० मा पर्ने मौरी ब्रुस;

(त) तयारी गहना बनाई विदेश निकासी गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक २५३०.९०.०० मा पर्ने कच्चा एम्बर (र अम्बर),

(थ) कृषि कार्यमा प्रयोग हुने उपशीर्षक ३९२६.९०.९३ र ८५१६.७९.१० मा पर्ने कीरा मार्ने ट्र्याप (इन्सेक्ट ट्र्याप), शीर्षक ३५.०६ मा पर्ने मुसा टास्ने गम (ग्लु),

(द) सामान्य भाँडाबर्तन बाहेक कुखुरालाई दाना तथा पानी खुवाउने उपशीर्षक ३९२४.९०.१०, ७३२३.९३.००, ७३२३.९४.०० र ७३२३.९९.०० मा पर्ने विशेष किसिमका भाँडा, उपशीर्षक ३९२६.९०.९९ मा पर्ने बीउ उमार्न तथा रोप्न प्रयोग हुने ट्रे,

(ध) औषधि उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ९०१६.००.०० मा पर्ने तराजु,

(न) ग्याँस सिलिण्डरको भल्भ बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको निमित्त पैठारी गर्ने उपशीर्षक ७४०७.२१.०० मा पर्ने पित्तलको डण्डी,

(३) **भन्सार महसुल आंशिक रूपमा छुट हुनेः-**

(क) कार्पेट उद्योगले पैठारी गर्ने उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.००, ५५०७.००.०० मा पर्ने स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ।

(ख) भाग ३० मा पर्ने (उपशीर्षक ३००२.११.००, ३००२.१२.००, ३००२.१३.००, ३००२.१४.००, ३००२.१५.००, ३००२.१९००, ३००२.२०.००, ३००२.३०.००, ३००३.९०.४०, ३००४.९०.४१, ३००४.९०.४९ र ३००४.९०.५० तथा मानव पोषण

र स्वास्थ्यवर्धक भिटामिन बाहेक) औषधिमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ग) जुट उद्योगले आफ्नो उत्पादनका लागि पैठारी गर्ने उपशीर्षक २७१०.१९.७० मा पर्ने जुट ब्लिचिङ्ग आयलमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरिज, हृविट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १००४.९०.०० मा पर्ने भुस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१९.९०.०० तथा शीर्षक ३९.२० र ३९.२१ का सबै उपशीर्षकमा पर्ने पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(च) कुखुरापालन व्यवसायको लागि आवश्यक पर्ने उपशीर्षक ०४०७.११.०० र ०४०७.१९.०० मा पर्ने चल्ला कोरल्नका लागि निषेचित फुलको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(छ) उपशीर्षक ६२११.३२.२०, ६२११.३३.२०, ६२११.४३.२०, ६२११.४९.९०, ६२११.४२.२० मा पर्ने साडी, लुंगी, धोती र उपशीर्षक ६२१४.९०.०० मा पर्ने सुतीको गम्छामा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ज) वाणिज्य बैङ्कले सर्वसाधारण जनतालाई बिक्री गर्न आफ्नो लोगो अङ्कित स-साना परिमाणका उपशीर्षक ७११३.१९.१० र ७११३.१९.९० मा पर्ने सिक्का पैठारी गरेमा सो सिक्कामा शीर्षक ७१.०८ बमोजिमको दरमा भन्सार महसुल लाग्नेछ।

(झ) नेपालमा केवुलकार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ७३१२.१०.०० मा पर्ने केवुल (लट्ठा) र उपशीर्षक ८४३१.३९.०० मा पर्ने तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने उपशीर्षक ७२१०.९०.०० मा पर्ने स्टील पाता पैठारी गर्दा चार प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ञ) शीर्षक ३९.२० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ट) अगरबत्ती उत्पादन गर्ने उद्योगले उपशीर्षक २९१७.३४.०० मा पर्ने डी.ई.पी. र उपशीर्षक ३३०२.९०.०० मा पर्ने अगरबत्ती कम्पाउण्ड पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ठ) मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी रेफ्रीजिरेटिङ्ग प्रणाली जडान गर्न आवश्यक पर्ने शीर्षक ८७.०६ अन्तर्गतका चेसिस र उक्त चेसिसमा जडान हुने बक्स र सोसँग सम्बन्धित मेशिनरी उपकरण सहितको चेसिस (रेफ्रीजिरेसन सिष्टम) पैठारी गरेमा नियमअनुसार लाग्ने पूरै भन्सार महसुल धरौटीमा राखी पछि मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रीजिरेसन जडान भएको ढुवानीको साधन बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरे पछि एक प्रतिशत भन्सार महसुल

बापतको रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिनेछ।

तर यसरी सुविधा प्राप्त गर्नका लागि यस्तो ढुवानी साधन अरु प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट नै सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तवरबाट अन्य संयन्त्र जडान गरिएको अवस्थामा यस्तो सुविधा प्रदान गरिने छैन। उपशीर्षक ८७०४.२१.५०, ८७०४.२२.९६ र ८७०४.९०.१० को प्रशितक प्रणाली (रेफ्रीजरेटिङ्ग सिष्टम) जडान गरिएको तयारी ढुवानी साधनको हकमा समेत यस्तो व्यवस्था लागू हुनेछ।

(ङ) स्पिलिटिङ्ग तथा डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टी एसिड उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १५०३.००.०० मा पर्ने टेलो आयल, उपशीर्षक ३८२३.११.०० र ३८२३.१२.०० मा पर्ने पाम एसिड आयल र एसिड आयल तथा उपशीर्षक ३८२३.१३.०० मा पर्ने पाम फेट्टी एसिडमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ।

(ढ) हार्डवेयरमा पहिले नै लोड भई आएका (प्रि-लोडेड वा इनविल्ट) सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेयरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइनेछ र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नुपर्ने छैन।

(ण) रङ्ग (पेन्ट) उत्पादन गर्ने उद्योगले कच्चा पदार्थको रुपमा पेठारी गर्ने उपशीर्षक ३२०९.१०.१० मा पर्ने एक्रेलिक इमुल्सनमा बीस प्रतिशत र उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड र उपशीर्षक २८२३.००.००

मा पर्ने टिटानियम डाइअक्साइडमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(त) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फर्मले जीवित माछा तथा माछाका भुरा ढुवानी गर्ने गरी तयार गरेका अक्सिजन संयन्त्र जडित शीर्षक ८७.०४ अन्तर्गत सबै उपशीर्षकहरुमा पर्ने ढुवानी साधनमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

तर यसरी सुविधा प्राप्त गर्नका लागि यस्तो ढुवानी साधन उत्पादक कम्पनीबाट अरु प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट सबै कुराको नियन्त्रण गर्नसक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तबरबाट अन्य संयन्त्र जडान गरी ल्याएको अवस्थामा यस्तो सुविधा प्रदान गरिने छैन।

(थ) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका उपशीर्षक ८७०२.१०.१० मा पर्ने तयारी बस र उपशीर्षक ८७०६.००.८० मा पर्ने चेसिसमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। त्यसरी पैठारी गरेका सवारी साधन पैठारी गरेको मितिले दश वर्ष नपुगी सार्वजनिक यातायात सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका सहकारी संस्था वा कम्पनी वाहेक अरुलाई बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ।

(द) पूर्वनिर्मित भवन (प्रिफेब्रिकेटेड बिल्डिङ) निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्नका लागि पैठारी गर्ने शीर्षक ७२.१० वा ७२.१२ अन्तर्गतका तीस प्रतिशत भन्सार महसुल लाग्ने सबै उपशीर्षकमा पर्ने स्लिट स्टील क्वाइलमा बीस प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ध) ग्रिज र लुब्रिकेटिङ्ग आयल उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक २७१०.१९.६० मा पर्ने बेस आयलमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ।

(न) पि.एस.टि.एन. (ल्याण्ड लाइन) टेलिफोन सञ्जालमा प्रयोग हुने उपशीर्षक ९४०३.२०.९० मा पर्ने क्रस कनेक्सन क्याविनेट बक्समा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ।

(प) विद्युतीय रिक्सा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.०८ अन्तर्गत पर्ने पार्टपुर्जा र सहायक सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(फ) उद्योगले आफ्नो उत्पादनको प्रयोजनका लागि पैठारी गर्ने उपशीर्षक २७१३.२०.०० को पेट्रोलियम बल्क विटुमिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ।

(ब) उद्योगले सूर्यमुखी तेल उत्पादन गर्न उपशीर्षक १२०६.००.०० मा पर्ने सूर्यमुखीको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(भ) भटमासको गेडाबाट प्रशोधित तेल तथा पिना उत्पादन गर्ने उद्योगले उपशीर्षक १२०१.९०.०० मा पर्ने भटमासको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(म) दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० मा पर्ने भटमासको पिनामा लाग्ने भन्सार महसुलमा दश प्रतिशत छुट हुनेछ।

(य) खाने तेल उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १२०५.१०.०० मा पर्ने तोरी, रायो र क्यानोला (रेप्सीड) को गेडा र उपशीर्षक १२०७.५०.०० मा पर्ने सर्स्युंको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(र) डिस्पोजेवल डाइपर, बेबी वाइप्स र सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले त्यस्ता वस्तु उत्पादन गर्न पैठारी गर्ने उपशीर्षक ३५०६.९१.०० मा पर्ने ग्लु (हटमेल्ट), उपशीर्षक ३९०६.९०.०० मा पर्ने सुपर एव्जरवेन्ट पोलिमर, उपशीर्षक ३९२०.४९.१०, ३९२०.४९.९० मा पर्ने पी.ई. फिल्म, उपशीर्षक ३९२१.१९.१० र ३९२१.१९.९० मा पर्ने पी.पी.ई फिल्म, उपशीर्षक ४८०३.००.०० मा पर्ने टिस्यु पेपर, उपशीर्षक ४८११.९०.९० मा पर्ने रिलिज पेपर र उपशीर्षक ५६०३.९१.०० मा पर्ने नन ओभन फेब्रिक पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ल) एडेसिभ उत्पादन गर्ने उद्योगले उपशीर्षक २९०५.१३.०० मा नर्मल वुटाइल अल्कोहल, उपशीर्षक २९१५.३१.०० मा पर्ने इथायल एसेटेट, उपशीर्षक २९१५.३२.०० मा पर्ने भिनायल एसेटेट मोनोमर र

उपशीर्षक ३९०५.३०.०० मा पर्ने पोलिभिनाइल अल्कोहल पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ब) औषधि उत्पादन गर्ने उद्योगले औषधि उत्पादन तथा गुणस्तर कायम गर्न आवश्यक पर्ने उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग युनिट पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(श) सिपिङ्ग कम्पनीले शीर्षक ८६.०९ मा पर्ने सिपिङ्ग कन्टेनर पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

१५. **<u>नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा महसुल छुट हुनेः</u>-**

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः-**

(क) कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकाय (सरकारी तथा गैरसरकारी संघ संस्था) ले महसुल सुविधामा पैठारी गरेका शुरू उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन,

(ख) नेपाल सरकार, रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गठ्ठा, बारूद र तिनका स्पेयर पार्टस, विशेष प्रकारको

तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जा,

(आ) सैनिक जवान तथा घोडा खच्चडको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधि र तत्सम्बन्धी मालवस्तु,

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरण र सोको सञ्चालनको लागि आवश्यक मालवस्तु,

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सोसम्बन्धी पार्टस, अप्टिकल इक्विपमेण्ट तथा नेपाल सरकार, रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका मालवस्तु,

(उ) क्याम्पिङ्ग इक्विपमेण्टस तथा स्पेशल फोर्स र प्यारा ट्रुपरलाई आवश्यक पर्ने मालवस्तु,

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा मालवस्तु, औषधि, मेडिकल औजार र उपकरण,

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाइजहाज, हेलिकोप्टर र तिनका

पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्विपमेण्ट,

(ऐ) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(ओ) संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक डफ्फाको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौंड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(ग) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजार,

(आ) हातहतियार,

(इ) भीड नियन्त्रणका मालवस्तु

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी मालवस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य मालवस्तु,

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने मालवस्तु,

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने मालवस्तु,

(ओ) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(औ) संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौंड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(घ) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका मालवस्तुः-

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजार,

(आ) हातहतियार,

(इ) भीड नियन्त्रणको लागि आवश्यक मालवस्तु,

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी मालवस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) ट्राफिक सम्बन्धी मालवस्तु,

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक मालवस्तु,

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य मालवस्तु,

(ओ) विष्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने मालवस्तु,

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने मालवस्तु,

(अं) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(अः) संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाल प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(ङ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रूपमा नेपालको बाटो गरी निकासी वा पैठारी गर्ने मालवस्तु।

(च) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान वीर अस्पताल, त्रि.वि.शिक्षण अस्पताल, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य

विज्ञान प्रतिष्ठान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरको नाममा पैठारी हुने निर्माण तथा अस्पताल सञ्चालनको लागि आवश्यक निर्माण सामग्री, चिकित्सा सम्बन्धी उपकरण र औजार,

(आ) क्यान्सरका विरामीलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालले पैठारी गर्ने क्यान्सर निरोधक ग्लिभेक एचजीसी र यस्तै औषधि,

(इ) मन्त्रालयको नाममा वा मन्त्रालयले तोकेको स्वास्थ संस्था वा निकायलाई सहयोग स्वरुप हस्तान्तरण गर्ने विभिन्न संघ संस्था निकाय वा व्यक्तिले पैठारी गर्ने कोविड-१९ सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक भाग ३० मा पर्ने औषधि, शीर्षक ३९.२६, ६२.०७, ६२.०८, ६२.१० र ६२.११ मा पर्ने मेडिकल तथा सर्जिकल काममा प्रयोग हुने वस्तु (पी.पी.ई) उपशीर्षक ३८२१.००.०० मा पर्ने भायरल ट्रान्सपोर्ट मिडिया, उपशीर्षक ३८२२.००.०० मा पर्ने पि.सि.आर. टेष्ट किट, आर.डि.टी. टेष्ट किट, पि.सि.आर. रिएजेन्ट एक्सट्राक्सन किट्स, उपशीर्षक

